जनकपुर
टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने

# जनकपुर टुडे

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

Janakpur Today Daily

www.ejanakpurtoday.com


वर्ष २३ •अंक ९२ •२०७७ साल भदौ ३ गते बुधवार (19 August, Wednesday, 2020) •पृष्ठ ८ •मूल्य रु. ५।-


## रहेनन् राष्ट्रकवि

**टुडे समाचारदाता**

काठमाण्डु ।राष्ट्र कवि माधव प्रसाद घिमिरेको मंगलवार साँझ ५:५५ बजे निधन भएकोछ ।उनी १ सय १ वर्षका थिए । घिमिरेको जन्म विक्रम संवत १९७६ साल असोज ७ गते लमजुङको पुस्तुन गाउँमा भएको थियो ।

घिमिरेले २०५४ सालमा 'हिमालपारि हिमालवारि' र २०५८ सालमा 'चारु चर्चा' कृतिका लागि साझा पुरस्कार तथा २०६७ सालमा पद्मश्री साधना सम्मान पुरस्कार प्राप्त गरेका थिए । राष्ट्रकवि घिमिरेको निधनप्रति जनकपुर टुडे मिडिया प्रा.लि.ले भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेकोछ ।



# एकै दिनमा १०१६ संक्रमित पुष्टि, थप ७ को मृत्यु

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा कोरोना भाइरस संक्रमितको एकै दिन सर्वाधिक संख्या मंगलवार पुष्टि भएकोछ ।स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतमले जनाए अनुसार मंगलवार दिउँसो सम्मको २४ घण्टामा कोरोनाभाइरसबाट थप १ हजार १६ जना संक्रमित पुष्टि भएका छन् ।नयाँ संक्रमित थपिएसँगै कोरोना भाइरस संक्रमितको कुल संख्या २८ हजार २ सय ५७ पुगेकोछ ।

प्रवक्ता डा.गौतमका अनुसार हालसम्म दैनिक पुष्टि भएको संक्रमितको यो नै उच्चतम संख्या हो ।

मन्त्रालयको तथ्यांक अनुसार शुक्रवार ५ सय ९४, शनिवार ४ सय ६८, आइतवार ६ सय ४१ र सोमवार ५ सय ८१ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको थियो ।

यसअघि असार ४ गते ६ सय ७१, असार १० गते ६ सय २९, असार १९ गते ७ सय ४०, साउन २७ गते ६ सय ३८ र साउन ३२ गते ६ सय ४१ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयको तथ्यांकमा उल्लेखछ ।

मन्त्रालयका प्रवक्ता डा.गौतमका अनुसार मंगलवार दिउँसो सम्मको २४ घण्टामा कोरोना भाइरसको संक्रमणबाट ७ जनाको मृत्यु पुष्टि भएको हो । यो वृद्धिसँगै कोभिड-१९ बाट मृत्यु हुनेको संख्या १ सय १४ पुगेको छ । कोरोना भाइरस संक्रमणको कारण पछिल्लो पटक मृत्यु पुष्टि भएका व्यक्तिमध्ये ६ जना पुरुष र १ जना महिला हुन् । उनीहरू काभ्रे, नवलपरासी, मोरङ, धनुषा, बाँके र तनहुँको भएको मन्त्रालयले जनाएको छ ।साउन ८ गते एकै दिन ८ जनाको मृत्यु कोरोना भाइरस संक्रमणबाट भएको पुष्टि भएको थियो ।

'देशमा हाल सम्म कुल १० हजार ५ सय ६३ जनामा सक्रिय संक्रमण रहेकोछ' डा.गौतमले भने, संक्रमितहरूमध्ये २ हजार ८ सय ८७ जना घरमै र बाँकी ६ हजार ७ सय ५२ जना संस्थागत आइसोलेशनमा रहेका छन् ।अहिले सबैभन्दा बढी सक्रिय संक्रमित प्रदेश नम्बर २ र वाग्मती प्रदेशमा रहेको उनले बताए ।

> **'देशमा हाल सम्म कुल १० हजार ५ सय ६३ जनामा सक्रिय संक्रमण रहेकोछ' डा.गौतमले भने, संक्रमितहरूमध्ये २ हजार ८ सय ८७ जना घरमै र बाँकी ६ हजार ७ सय ५२ जना संस्थागत आइसोलेशनमा रहेका छन् ।अहिले सबैभन्दा बढी सक्रिय संक्रमित प्रदेश नम्बर २ र वाग्मती प्रदेशमा रहेको उनले बताए ।**

संक्रमितहरु मध्ये पर्सामा १ सय २८, मोरङमा १ सय ८ र सर्लाहीमा १ सय ७, धनुषामा ६४, चितवनमा ४९, डोटीमा ४६ र बारामा ४२ जना फेला परेका हुन् ।त्यसैगरि काठमाण्डु उपत्यकामा २ सय ५ जना संक्रमित पुष्टि भएका छन् ।

मन्त्रालयका अनुसार मंगलवार दिउँसो सम्मको २४ घण्टामा १३ हजार ४ सय ६१ वटा नमुनाको पीसीआर विधिबाट परीक्षण गरिएको छ । दैनिक परीक्षण भएको यो नै अहिलेसम्मकै सर्वाधिक रहेको बताइएको छ ।मन्त्रालयका अनुसार हाल सम्म कुल ५ लाख ४२ हजार ८ सय ६६ पीसीआर विधिबाट टेस्ट भएकोछ ।

प्रवक्ता डा.गौतमका अनुसार मंगलवार दिउँसो सम्मको २४ घण्टामा ८५ जना कोरोना भाइरस संक्रमण मुक्त प्रमाणित भएका छन् । यससँगै हाल सम्म १७ हजार ५ सय ८० जना संक्रमण मुक्त भएका छन् ।भाइरसबाट निको हुने संक्रमित संख्या ६२.२ प्रतिशत छ ।

देशभरि क्वारेन्टाइनमा १३ हजार ९ सय २६ जना छन् । तीमध्ये सुदूरपश्चिम प्रदेशमा सर्वाधिक ३ हजार ६ सय ९६ जना, गण्डकीमा २ हजर ९ सय ७३ जना, प्रदेश नं १ मा २ हजार १ सय १५ जना र प्रदेश नं ५ मा २ हजार ९० जना छन् ।

हाल पर्सा, रौतहट, महोत्तरी, मोरंग र काठमाण्डुमा ५ सय भन्दा बढी सक्रिय संक्रमित रहेको मन्त्रालयको तथ्यांकमा उल्लेखछ ।तर मनाङ, मुस्ताङ, डोल्पा र हुम्लामा सक्रिय संक्रमितको संख्या शून्यमा झरेको छ ।

कर्णाली र सुदूरपश्चिम प्रदेशमा बाहेक अन्य प्रदेशमा कुल १ सय १८ बिरामी सघन उपचार कक्षमा छन् । गम्भीर बिरामी भएर भेन्टिलेटरमा ८ जनाको उपचार भइरहेकोछ ।

# आजदेखि उपत्यकामापनि निषेधाज्ञा

**टुडे समाचारदाता**

काठमाण्डु ।कोरोना भाइरस संक्रमितको संख्या दिनदिनै उपत्यकामा बढ्न थालेपछि बुधबार मध्यरातिदेखि भदौ १० गतेसम्म निषेधाज्ञा लागू गर्ने निर्णय गरिएको छ ।

उपत्यकाका तीनै जिल्लाका प्रमुख जिल्ला अधिकारी र तीनै जिल्लाका सुरक्षा निकायका प्रमुखहरुको काठमाडौं जिल्ला प्रशासन कार्यालयमा मंगलवार राती भएको बैठकले बुधबार राति १२ बजेबाट लागू हुनेगरि निषेधाज्ञा जारी गर्ने निर्णय गरेको छ ।

सरकारले निषेधाज्ञा जारी गर्ने सम्पूर्ण अधिकार प्रमुख जिल्ला अधिकारीहरुलाई नै दिएकोछ ।हाल काठमाण्डु उपत्यका भित्र राती प्रवेश निषेध गरिएकोछ ।उपत्यकामा सकृय संक्रमितको संख्या बढ्न थालेपछि संयुक्त बैठकले निषेधाज्ञा जारी गर्ने निर्णय गरेकोछ ।

स्वास्थ्य मन्त्रालयका अनुसार मंगलवार मात्र उपत्यकामा २ सय ५ जनामा कोरोना संक्रमित थपिएका छन् । उपत्यकामा संक्रमितको संख्या अढाइ हजारको हाराहारीमा पुगिसकेको छ ।

प्रदेश १, प्रदेश ५ लगायत अन्य प्रदेशहरुकोपनि जिल्ला सदरमुकामहरुमा पहिलेदेखि नै निषेधाज्ञा जारी गरेकोछ ।प्रदेश २ को आठवटै जिल्लामा साउन महिनादेखि नै निषेधाज्ञा जारी रहेकोछ ।हाल प्रदेश २ मा नै सर्वाधिक सकृय संक्रमित रहेका छन् ।

निषेधाज्ञामा अत्यावश्यक सेवाका बाहेक कुनै पनि सरकारी, निजी तथा गैरसरकारी कार्यालय तथा सवारी संचालन गर्न पाइने छैन । खाद्यान्न ढुवानी, स्वास्थ्य सेवा र सुरक्षाजस्ता अत्यावश्यक सेवा बाहेकका सवारी संचालन गर्न पाइने छैन । सर्वसाधारणको आवतजावतलाई पनि निषेध गरिने सुरक्षा अधिकारीहरुले जनाएका छन् ।

काठमाण्डुमा दिनहुँ बाहिरबाट मानिसहरु प्रवेश गर्ने क्रम रोकिएको छैन् ।निषेधाज्ञा जारी भएपछि पूर्ण रुपमा कडाई गरिने सुरक्षा अधिकारीहरुले जनाएका छन् ।

# जसपा दल दर्ताको पत्र अलपत्र

**टुडे समाचारदाता**

जनकपुरधाम ।जनता समाजवादी पार्टी(जसपा) निर्वाचन आयोगबाट आधिकारिकता पाएको पत्र हाल सम्म प्रदेश २ को प्रदेश सभामा दर्ता भएको छैन् ।

तत्कालिन समाजवादी पार्टीका प्रमुख सचेतक शैलेन्द्र यादव र राष्ट्रिय जनता पार्टी(राजपा)का प्रमुख सचेतक परमेश्वर साहलाई संयुक्त रुपमा काठमाण्डुमा जसपाका अध्यक्ष उपेन्द्र यादवले दल दर्ताको प्रमाण पत्र प्रदान गरेका थिए ।

संयुक्त रुपमा नै दुवै जनालाई प्रदान गरिएको पत्रको प्रतिलिपि प्रमख सचेतक यादवले राखेका थिए । प्रदेश सभामा दर्ता गराउन दिएको पत्र उनले मुख्यमन्त्री लालबाबु राउतलाइ दिएको बताइन्छ ।

दुवै दल दर्ता भएको दुई महिना बित्न लाग्दापनि प्रदेश २ को प्रदेश सभामा जानकारी गराइएको छैन् ।संघीय संसद, राष्ट्रिय सभा लगायत अन्य प्रदेश सभाहरुमा समेत दर्ता भइसकेको छ ।तर प्रदेश २ मा पत्रलाई अलपत्र पारिएकोछ ।

प्रदेश २ सचिवालयका मुख्यसचिव रञ्जित यादवले जसपा सम्बन्धी कुनै औपचारिक पत्र हाल सम्म प्राप्त नभएको बताए ।'प्रदेश सचिवालयमा त्यस्तो कुनै पत्र प्राप्त भएको छैन्' उनले भने, हाल यहाँ समाजवादी र राजपा दुईवटा दल नै रहेका छन् ।

केन्द्रिय अध्यक्ष यादवले उपलब्ध गराउनु भएको पत्र मैले समाजवादीका प्रमुख सचेतक यादवलाई दर्ता गराउन भनेर दिएको राजपाका प्रमुख सचेत साहले जनाए ।

'दुवै जनालाईसँगै राखेर उहाँले पत्र दिनु भएको हो' उनले भने, तर मैले यादवलाई नै त्यो पत्र जिम्मा लगाए ।त्यसपछिको औपचारिक जानकारी मलाई नआएको साहले बताए ।

> **"जसपा संसदीय दलको नेता बन्न प्रदेशका केहि सभासदहरु आन्तरिक प्रतिष्पर्धामा रहेका छन् ।केन्द्रिय नेतृत्वलेपनि प्रदेश २ मा सरकार फेर्ने गृहकार्य थालिसकेको बताइन्छ ।**

समाजवादी पार्टीका प्रमुख सचेतक यादवलेपनि पत्र मुख्यमन्त्रीलाई दिएको बताए ।'प्रदेश सभामुख बाहिर रहेकाले दर्ता नभएको हो' उनले भने, यसै हप्ता भित्र नै त्यो पत्र प्रदेश सभामा दर्ता हुनेछ ।

समाजवादी र राजपा एकिकरण भएर जसपा बनेको पत्र प्रदेश सभामा दर्ता भएपछि प्रदेश २ को संसदीय दलको संयुक्त बैठक हुने र त्यसबाट दलको नयाँ नेता चयन हुनेछ ।प्रदेश सभामा हाल समाजवादी र राजपाको अलग अलग दलको मान्यता छ ।


जसपा संसदीय दलको नेता बन्न प्रदेशका केहि सभासदहरु आन्तरिक प्रतिष्पर्धामा रहेका छन् ।केन्द्रिय नेतृत्वलेपनि प्रदेश २ मा सरकार फेर्ने गृहकार्य थालिसकेको बताइन्छ ।

राउत नेतृत्वको सरकारको बिरोधगर्दै हटाउनका लागि सत्तारुढ दलका एक दर्जन सभासदहरुले केन्द्रिय नेताहरुलाई ज्ञापन बुझाएका थिए ।तर उनीहरुमापनि दलको नेता को बन्ने ?सहमति जुटिसकेको छैन् ।


## NOVEL CORONA VIRUS (COVID-19)
## सर्वसाधारणको लागि जनचेतनामुलक संदेश

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो (१००.४ °F भन्दा माथि)


श्वास प्रश्वासमा अत्याधिक समस्या


रुघा र खोकी

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।



खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।



फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।



पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।



**नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरुमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।**

### कोरोना भाइरस छिट्टै सम्पर्क हुने स्थानहरु

१. सिनेमाहल
२. अस्पताल
३. विद्यालय, कलेज
४. सपिङ मल
५. सार्वजनिक यातायात
६. वृद्धाश्रम
७. व्यवस्त गल्ली
८. सभा, जुलुस भएको स्थान
९. होटेल रेष्टुराँ
१०. तरकारी तथा मासु बेच्ने ठुला ठाउँहरु आदी ।

काम नपरे सम्म यस्ता स्थानहरुमाा नजाऔं, जान परेमा माक्स हेण्ड स्यानीटाइजर आदिको प्रयोग गरौं, घर फर्के पछि घर बाहिर वा अलग कोठामाा कपडा फेरेर तथा साबुन पानीले हात धोएर मात्र भान्सा, बैठक कोठामा जाने गरौं ।

### कसरी सर्छ कोरोना भाइरस

१. खोक्दा, हाछ्यु गर्दा निस्कने र्‍याल, थुक तथा सिंगानबाट ।
२. फोहोर हातको सम्पर्कबाट ।
३. राम्रोसंग नपाकेको माछा तथा पशुपंक्षीहरुको मासुबाट ।
४. कोरोना भाइरसबाट प्रभावित व्यक्तिको संसर्गबाट ।

नोबेल कोरोना भाइरस मानव जातिमा पहिलो पटक चीनको हुवान प्रान्तमा ३१ डिसेम्बर २०१९ मा पहिचान भएको हो । यस भाइरसले सामान्य रुघाखोकी देखि गम्भीर प्रकारको तीब्र श्वासप्रश्वासको संक्रमण गराई मानिसको मृत्यु गराउन सक्छ । नेपाल यो रोग संक्रमणको उच्च जोखिममा रहेको हुँदा रोग फैलन नदिन व्यक्तिगत तवरमा सुरक्षाका उपायहरु अवलम्बन गर्न आम जनसमुदायहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**मुखियापट्टी मुसरनिया गाउँपालिका**
**तुलसीयाही जब्दी, धनुषा, प्रदेश नं. २**



'जनमन सँ जनजन धरि'



**रेडियो टुडे**
**९१ मेगाहर्ज**

रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ
मनोरञ्जन ल क
निरन्तर १८ घण्टा
अहाँक सँग




सुझाव आ प्रतिकृयाकऽलेल
०४१-५९०१०१

भिन्सर ५ बजे सँ राति ११ बजे धरि

# कृषि विकास बैंकका कर्मचारी सहित गौरमा थपिए २६ संक्रमित

**राकेश यादव**

गौर । रौतहट जिल्लाको गौर नगरपालिकामा मंगलबार कोरोना भाइरस संक्रमितको संख्या थपिएको छ।

कांट्रैक्ट ट्रेसिंगको आधारमा १४९ जनाको स्वाव संकलन गरी जांचको लागि पठाइएकोमा मंगलबार २६ जनाको रिपोर्ट पोजेटीभ आएको हो । अझ केहि रिपोर्ट आऊंन बाकी रहेको छ।

गौर नगरपालिकाका स्वास्थ्य संयोजक दीनबंधु यादवले २६ जनाको पोजेटिव रिपोर्ट केंद्रीय प्रयोगशालाले पठाएको जानकारी दिएका छन । उनका अनुसार संक्रमितहरुमा गौरस्थित रहेका कृषि विकास बैंकका ५ जना कर्मचारी र गौर नगरपालिकाका ३ जना कर्मचारी सहित अन्य १८ जना स्थानीय रहेका छन।

गौर नगरपालिका वड़ा नम्बर १,२,३,५ र ६ मा कोरोना भाइरसको संक्रमित भेटिएको हो। यस अघि पनि नगरपालिकाका कर्मचारी सहित १५ जना पोजेटीभ भेटिएको थियो।

गौर र राजदेवी नगरपालिकामा धमाधम संक्रमित भेटिरहेको हुदा संक्रमण नियंत्रण गर्नको लागि केहि दिन दुवै नगरपालिका सील गर्नु पर्ने अवस्था आएको छ। संक्रमण नियंत्रण तथा रोकथाम उपचारको लागि व्यवस्थित आइसोलेशनको आभाव रहेकोले संक्रमितहरु होम आइसोलेशनमा राखिएकोमा समुदायमा संक्रमण फैलिने खतरा उच्च रहेको छ।

जिल्ला प्रशासन कार्यालय रौतहटले दोस्रो चरण अंतर्गत भाद्र ७ गते सम्मको लागि निषेधाज्ञाको अवधि थप गरे पनि परिक्षणको दायरा बढ़ाइएको छैन । गौर लगायत गरुडा, माधवनरायण ,कटहरिया , चंद्रपुर नगरपालिका समेतमा समुदाय स्तरमा संक्रमण फैलिसकेको छ।

# एक लाखको अवैध सामान बरामद

**टुडे समाचारदाता**

मलगंवा । प्रहरीले सोमबार राति सर्लाहीको विभिन्न स्थानबाट एकलाख रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ।

नेपाल-भारत सीमावर्ती विष्णु गाउँपालिकाको मधुवनगोठस्थित तेस्रो मुलुकबाट आएको २० हजार मूल्य बराबरको १४ बोरा केराउ भारत तर्फ लाँदै गरेको अवस्थामा प्रहरीले बरामद गरेको छ।

यस्तै ईश्वरपुर नगरपालिका वडा न.६, नगरपालिका चौकबाट भन्सार छलेर भारतबाट ल्याएको ४० हजार रुपैयाँ बराबरको दुई बोरा खैनी बरामद भएको प्रहरीले जनाएको छ।

यसैगरी ब्रम्हपुरी गाउँपालिका वडा न.४ बाट पनि २५ हजार बराबरको टि-सर्ट र साडी बरामद भएको प्रहरीले जनाएको छ। प्रहरीले चन्द्रनगर गाउँपालिका मोहनपुरबाट पानीपुरीमा प्रयोग हुने १२ हजार रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ।

बरामद भएका सामानहरु मंगलबार आवश्यक कारवाहीको लागि मलंगवास्थित जिल्ला भन्सार कार्यालयमा बुझाएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता एवं डिएसपी मदन कुवँरले जनाए।

# संक्रमित भेटिएपछि माधव नारायण नगरपालिका सिल

**टुडे समाचारदाता**




गौर । रौतहट जिल्लाको माधव नारायण नगरपालिका १५ दिनको लागि पूर्ण रुपमा सिल गरिएको छ। समुदायमा कोरोना भाइरसको संक्रमण फैलिएपछि नगरपालिका सिल गरिएको हो।

संपर्कको आधारमा स्थानीय वड़ा नम्बर १ दिपहीमा संकलन गरिएको ६३ जनाको स्वाब परीक्षण गर्दा ५ जनामा संक्रमण पुष्टि भएपछि भाद्र २ गते राति १२ बजेबाट लागू हुने गरी भाद्र १७ गते राति १२ बजे सम्मको लागि नगरपालिका सिल गरिएको नगर प्रमुख वीरेन्द्र प्रसाद यादवले बताए।

विगत केहि दिनदेखि रौतहटमा कोभिड़-१९ को संक्रमण बढ्दै गइरहेको अवस्थामा संक्रमण समुदाय स्तरमा फैलिन नदिनको लागि यसको रोकथाम नियंत्रण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन कांट्रैक्ट ट्रेसिंगको कार्यलाई सहज तथा संभावित जोखिमलाई न्यूनीकरण गर्ने उदेश्यले नगरपालिका सिल गरिएको मेयर यादवको भनाइ रहेको छ।

सिल गरिएको अवधि भरिमा नगरपालिकाबाट प्रदान हुदै आएको अति आवश्यक सेवा बाहेकका अन्य सेवा बन्द गर्नुको साथै व्यापर ,व्यवसाय गर्न , अतिआवशयक काम बाहेक हिँडडुल तथा आवत जावत गर्न प्रतिवंध लगाइएको नगर प्रमुख यादवले बताए।

कोरोना भाइरसको संक्रमणबाट जोगिनको लागि भौतिक दुरी, बेला बेलामा साबुन पानीले मीचिमीची हात धुने, मास्कको प्रयोग गर्ने तत्काल विकल्प रहेकोले स्वास्थ्य सुरक्षाका मापदंडको अनिवार्य रुपमा पालना गर्न समेत नगरवासी सित मेयर यादवले अपील गरेका छन्।

# गर्भवतीको हत्या आरोपमा पति र सासू पक्राउ

लहान । गर्भवती महिलाको हत्या गरेको आरोपमा सिरहा प्रहरीले पति र सासूलाई पक्राउ गरेको छ। सिरहा नगरपालिका-१६ निवासी १९ वर्षीया कुलतीदेवी दासको हत्या आरोपमा उनका २० वर्षीय पति धीरज दास र सासू ३५ वर्षीया राजकुमारी दासलाई प्रहरीले पक्राउ गरेको हो।

करिब तीन महिनाकी गर्भवती छोरीलाई गत साउन २७ गते कुटपिट गरी हत्या गरेको मृतकका बुवा चन्दर दासले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराएपछि उनका पति र सासूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक विनोद घिमिरेले जानकारी दिए।

पक्राउ परेका आमा छोरामाथि कर्तव्य ज्यानसम्बन्धी मुद्दामा अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक घिमिरेले बताए। घटनाको भोलिपल्ट गत साउन २८ गते बिहान छिमेकीहरूले घटनाबारे जानकारी गराएपछि घटना थाहा पाएको र शव परीक्षणको रिपोर्ट आएपछि किटानी उजुरी दिन प्रहरीले भनेकाले साउन ३० गते प्रहरीमा किटानी जाहेरी दिएको मृतकका बुवा चन्दरले बताए।

# सर्पको बिगबिगी: एक महिनामा १२० जनाको उपचार

जलेश्वर । सघन वर्षापछि केही दिनयता चर्को घाम लाग्न थालेसँगै महोत्तरी जिल्लाको उत्तरी क्षेत्रमा सर्पको बिगबिगी बढेको छ । बर्खामा पानीले दुला भरिएपछि बाहिर निस्केका सर्पको अहिले बिगबिगी बढेको हो । पछिल्लो साउन महिनामा मात्रै सर्पदंश उपचार केन्द्र बर्दिवासमा ४० सर्पदंशका घटना देखिएका हुन् । विषालु सर्पले डसेर मध्य साउनयता महोत्तरीमा दुई जनाको मृत्यु भएको छ।

अहिले बर्दिवास-३ गौरीडाँडास्थित सर्पदंश उपचार केन्द्रमा सर्पदंशका बिरामीको भीड छ । पछिल्लो साउनभरिमा नै ४० सर्पदंश घटनाका बिरामी उपचारबाट निको भएर घर फर्केका छन् । पछिल्लोपटक जिल्लाकै भङ्गाहा नगरपालिका-५ राजपुरका मात्रै आठजना उपचारपछि निको भएर घर फर्केका केन्द्रका अध्यक्ष कृष्ण देवकोटाले जानकारी दिनुभयो । भङ्गाहा-५ मा गत शुक्रबार एकैदिन १६ जनालाई सर्पले डसेको भए पनि अन्य आठजना सिरहाको बन्दीपुरमा नेपाली सेनाले सञ्चालन गरेको उपचार केन्द्रमा गएका भङ्गाहा-५ का वडाध्यक्ष शिव महतोले बताउनुभयो । भङ्गाहा-५ कै दुईजनाको भने उपचार केन्द्र नपुग्दै साउन १५ यता मृत्यु भएको छ।

असार अन्तिम साता र साउन मध्यसम्मको पटकपटकको मुसलधार वर्षाले सर्प बस्ने दुला पानीले भरिएपछि यस भेगमा सर्पको बिगबिगी बढेको हो। साउन महिनामा ४० जना सर्पदंशका बिरामी उपचार गर्न आएकामध्ये अत्यन्त विषालु गोमन र करेतले डसेका १२ जनाको सफल उपचार भएको केन्द्रका अध्यक्ष कृष्ण देवकोटाले बताउनुभयो । अन्य भने भाइबर (सर्पको एक प्रजाति), बिच्छी र खजुराले टोकेका पुष्टि भएको देवकोटाको भनाइ छ। यस अवधिमा सर्पदंशको शङ्काले जचाउन आउने नै १२० जना पुगेका केन्द्रले जनाएको छ।

महोत्तरीको बर्दिवास नगरपालिकाका वडानम्बर १, २, ३, ४ र १४ सर्पको 'खानी' नै भएको यहाँको आम जनबोलीमा पाइन्छ । त्यसैगरी जिल्लाका गौशाला, औरही र भङ्गाहा नगरपालिका क्षेत्र सर्पदंशका घटना बाक्लै हुने ठाउँमा पर्ने देवकोटाको भनाइ छ । सर्पले टोकेका बिरामी बर्दिवासबाहेक अन्यत्र पनि उपचार लिन जाने हुँदा आफ्नो केन्द्रमा दर्ता भएकाभन्दा निकै बढी घटना हुने गरेका देवकोटाले बताउनुभयो। विसं २०७१ साउन ३१ गते स्थापना भई सञ्चालनमा आएको सर्पदंश उपचार केन्द्र बर्दिवास-३ मा यसको व्यवस्थापन गर्ने समुदायस्तरको सञ्चालक समिति र उपचारमा खटिने नेपाली सेनाका दक्ष छजना प्राविधिक कार्यरत छन् । केन्द्रले सेवा सञ्चालन भएयता हालसम्म एक हजार ४३८ सर्पदंशका बिरामीको सफल उपचार गरिसकेको छ। तीमध्ये आर्थिक वर्ष २०७६/०७७ मा १६०, आव २०७५/०७६ मा ३१९, आव २०७४/०७५ मा २९६, आव २०७३/०७४ मा २७३, आव २०७२/०७३ मा २७० र आव २०७१/०७२ मा १६५ जना रहेको केन्द्रले जनाएको छ।

**झारफुक प्रवृत्ति कायमै**

सर्पले टोकेका बिरामी अझै पनि अस्पताल गएर उपचार गराउनुभन्दा झारफुक गर्ने प्रवृत्ति कायमै रहेकाले बिरामीको ज्यान जोखिममा पर्ने गरेको छ। "सर्पले टोकेपछि अस्पताल आउनुको साटो झारफुक गर्न धामीझाक्री खोज्ने चलन अझै पनि कायमै रहेको छ", केन्द्रका अध्यक्ष देवकोटाले भन्नुभयो, "महोत्तरीमा करिब ५ प्रतिशत बिरामी पहिला धामीझाक्री र त्यसपछि मात्रै उपचारका लागि अस्पताल पुग्ने गरेका छन्।"रासस

# संक्रमण जोखिम नियन्त्रणका लागि स्थानीय प्रशासनलाई अधिकार

काठमाण्डु । सरकारले कोभिड-१९ सङ्क्रमण जोखिम नियन्त्रणका लागि स्थानीय प्रशासनलाई अधिकार सुम्पेको छ। भदौ १ गते बसेको मन्त्रिपरिषद् बैठकले सङ्क्रमण रोग ऐन, २०२० बमोजिम कोभिड-१९ को सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि प्रमुख जिल्ला अधिकारीलाई अधिकार दिएको हो।

सम्बन्धित जिल्लाभरि वा जिल्लाको कुनै भागमा मात्र लागू हुनेगरी आवश्यक व्यवस्था मिलाउन र सोको निमित्त आवश्यकता अनुरुप स्थानीय प्रशासन ऐन, २०२८ बमोजिमको अधिकार प्रयोग गर्न सबै प्रमुख जिल्ला अधिकारीलाई मुकरर गरी अधिकार सुम्पने निर्णय भएको छ।



जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन समितिबाट कोभिड-१९ को सङ्क्रमण जोखिमको विश्लेषण गरी सङ्क्रमण जोखिमको अवस्थाका आधारमा संक्रमण ऐन बमोजिम जिल्लाभर वा जिल्लाको कुनै भागमा यस्तो अधिकार प्रयोग हुनेछ । मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले कोभिड-१९ नियन्त्रण तथा उपचारको प्रभावकारिताका लागि स्थानीय प्रशासनलाई अधिकार सम्पन्न बनाइएको बताउनुभयो।

उहाँका अनुसार स्थानीय प्रशासन ऐन बमोजिम प्रमुख जिल्ला अधिकारीले कुनै स्थानमा निषेधाज्ञा जारी गरेको अवस्थामा त्यस्ता स्थान भित्रका सबै सरकारी तथा सार्वजनिक कार्यालय न्यूनतम मात्रामा कर्मचारी उपस्थित गराई कार्यालय सञ्चालन गर्ने र सो बाहेकका अन्य कर्मचारीलाई सुरक्षित रुपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरु गर्ने 'वर्क फ्रम होम' व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउनेछ।

सार्वजनिक आवागमन, पेसा व्यवसाय सञ्चालन, अन्तर्राष्ट्रिय सीमामा आवतजावत, सबै प्रकारका बैठक, सेमिनार, गोष्ठी, तालीम, सम्मेलन, धार्मिक तथा समामाजिक क्रियाकलापलगायत विषयमा यसपूर्वका आदेशहरुद्धारा गरिएका व्यवस्था र जनस्वास्थ्य एवं सुरक्षाका मापदण्ड क्वारेन्टिन तथा आइसोलेशनसम्बन्धी मापदण्ड, कन्ट्र्याक्ट ट्रेसिङसम्बन्धी मापदण्ड तथा अन्य व्यवस्था कोभिड-१९ सङ्क्रमण, रोगथाम, नियन्त्रण, र उपचारको सम्बन्धमा सङ्क्रामक रोग ऐन, २०२० बमोजिमका आदेशको अङ्ग भएकाले त्यस्ता सबै आदेश, मापदण्ड तथा व्यवस्थाको पालना गर्ने गराउने कार्य कोभिड-१९ सङ्कट व्यवस्थापन सञ्चालन केन्द्र (सीसीएमसी) र सम्बन्धित मन्त्रालय एवं निकायले प्रभावकारी रुपमा गर्ने गराउनेछन् । सीसीएमसी र सम्बन्धित मन्त्रालयले सोको प्रभावकारी अनुगमन गर्ने र सो व्यवस्थाको प्रतिकूल काम कारवाही भएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले कानून बमोजिम तत्काल कारवाही गर्ने जनाइएको छ।

**विपद्मा मृत्यु भएका परिवारलाई रु दुई लाख**

मन्त्रिपरिषद् बैठकले प्राकृतिक विपद्का घटनामा परी मृत्यु हुने व्यक्तिको परिवारलाई तत्कालै नगद रु दुई लाख राहत दिने निर्णय गरेको छ। विपद्को घटनामा परी कुनै परिवारमा एक जनाको मृत्यु भएमा रु दुई लाख सोही परिवारमा अन्य व्यक्तिको मृत्यु भएमा प्रतिव्यक्ति थप रु एक लाख दिने निर्णय भएको सञ्चारमन्त्री डा खतिवडाले जानकारी दिनुभयो।

त्यस्तै विपद्बाट घर, आवास नष्ट भएमा वा खाद्यान्न बाली तथा जग्गा जमिन, पसल व्यवसाय नोक्सान भएमा पीडित परिवारले नगद राहत पाउनेछन्। पाँच जनासम्म सदस्य भएका परिवारलाई तत्काल रु १५ हजार र बढी भएमा रु २० हजार दिने निर्णय भएको छ।रासस

# छुरा प्रहार गर्दै लुटपाट

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा छुरा प्रहार गरी एक युवकको साथबाट लुटपाट गरिएको छ। जिल्लाको मनरासिस्वा नगरपालिका ४ बस्ने ३० बर्षीय इन्द्रजीत सहनीलाई छुरा प्रहार गर्दै उनीसँग लुटपाट गरिएको प्रहरीले जनाएको छ।

महोत्तरी प्रहरीका अनुसार सोमबार राति ८:३० बजेतिर महोत्तरी गाउँपालिका १ पर्सा र सोनुखडाको बीचमा रहेको नहरमा उनीमाथि छुरा प्रहार भएको हो। नहर नजिकैको बाँसको झाडीमा माक्स लगाई लुकिछिपि बसेका २ जनाले सहनीलाई रोकेर उनको छातीमा छुरा प्रहार गरेका हुन्।

छुरा प्रहार गर्दै सहनीको साथमा रहेको नगद रु ५ हजार, एक थान मोवाइल लुटेर फरार भएको र फरार भएकाको खोजी भइरहेको प्रहरीले जनाएको छ।चक्कु प्रहार गरिएका सहनीको अवस्था सामान्य रहेको छ।

# नेका जिल्ला कोषाध्यक्षलाई कोरोना

**टुडे समाचारदाता**

कलैया। नेपाली काँग्रेस जिल्ला कार्यसमिति बाराका कोषाध्यक्ष चन्द्र शेखर यादवसहित १० जनामा कोरोना पुष्टि भएको छ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख रामनरेश यादवका अनुसार सिम्रौनगढ नगरपालिकामा यादव सहित ६ र कलैया उपमहानगरपालिकामा ४ जना गरि १० जनामा कोरोना पुष्टि भएको हो। संक्रमितहरुलाई आइसोलेसनमा ल्याउने तयारी भईरहेको प्रमुख यादवले बताए।

# एकीकृत भन्सार जाँच चौकी (आइसीपी) मा तनाव

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल र भारतबीचको सीमामा लकडाउन रहेको बेला एकीकृत भन्सार जाँच चौकी (आइसीपी)मा भारतीय कामदारहरुको आगमनमा रोक लगाइएकोछ।

नेपाली भन्सार एजेन्टहरुको सकृयतामा उनीहरुलाई रोक लगाइएकोछ।सीमा क्षेत्रमा कडाई भएपनि भारतीय कामदारहरु नेपाली क्षेत्रको आइसीपीमा आएर काम गरिरहेका थिए। गत शुक्रवारदेखि नै उनीहरुलाई नेपाल तर्फ आउन निषेध गरिएकोछ।

भारतीय तर्फको आइसीपीमा मंगलवार भेला भएका भारतीय कामदारहरु नेपाल प्रवेश गर्ने प्रयास गरे।तर उनीहरुलाई प्रवेश गर्न नदिएको सुख्खा बन्दरगाहका प्रमुख भन्सार अधिकृत गोपाल खत्रीले बताए।

आइसीपीमा काम गर्ने अधिकांश भारतीय कामदारहरु रहेका छन् । एजेन्ट संघका अनुसार निषेधाज्ञाको समयमा समेत भारतीय कर्मचारी र कामदार भारत पट्टिको आइसीपी हुँदै नेपालको आइसीपीमा प्रवेश गरि काम गर्दै आएका थिए।

भारतको बिहार लगायत मुम्बई, दिल्ली, कोलकाता, चेन्नई, बेंगलोर लगायतका विभिन्न सहरबाट मालवाहक सवारी आइसीपी हुँदै नेपाल प्रवेश गर्छन्।

# कोरोनाको लक्षण भएकी युवतीको मृत्यु

दमौली। तनहुँको बन्दीपुर गाउँपालिका-६ निवासी २९ वर्षीया एक युवतीको मंगलबार पोखरामा मृत्यु भएको छ। ग्यालेक्सी अस्पताल पोखरा पुगेको आधा घण्टामै ती युवतीको मृत्यु भएको हो।

श्वासप्रश्वासमा समस्या देखिएपछि उनलाई पोखरा पठाइएको थियो। डुम्रेस्थित एक मेडिकलमा सामान्य उपचारपश्चात् उनलाई पोखरा पठाइएको बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो।रासस


## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : अवसर प्राप्त। |
| बृष | : नयाँ कार्य हुने। |
| मिथुन | : शिक्षामा उन्नति। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : पुरस्कार प्राप्त लाभ। |
| कन्या | : धन बृद्धि सञ्चय। |
| तुला | : भ्रमण अवसर हुने। |
| बृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : पारिवाहिक सुख। |
| मकर | : प्रतिभा सम्पन्नता। |
| कुम्भ | : सुख समृद्धि हुने। |
| मीन | : वाद विवादबाट बच्नु। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५२००४४ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# 'ऋतम्भरा' महाकाव्य छाडेर गयो राष्ट्रकवि घिमिरेको चोला

काठमाण्डु ।

**'नेपाली हामी रहौँला कहाँ**
**नेपालै नरहे**
**उचाइ हाम्रो चुलिन्छ कहाँ**
**हिमालै नरहे**
**तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको**
**माटो र पानी पहिलो धन**
**धर्तीका छोराको ।'**

नेपाली जनमनमा लोकप्रिय कविवर माधवप्रसाद घिमिरेको भौतिक शरीर अब रहेन । वर्तमान आधूनिक कविता, विशेषतः छन्कवितार गीति लेखनमा सर्वाधिक शिखरमा पुगेका राष्ट्रकवि घिमिरेको मंगलबार साँझ लैनचौर स्थित निवासमा १०१ वर्षको उमेरमा निधन भएको हो । उहाँ आउँदो असोज ७ गते १०२ वर्ष पुग्दै हुनुहुन्थ्यो । उहाँको शवलाई अहिले निवासमै राखिएको छ भने साहित्यकार र शुभेच्छुक श्रद्धाञ्जलिका लागि जाने क्रम शुरु भएको छ ।



कोरोना महामारीको जोखिम भएकाले भीडभाड गर्ने स्थिति छैन। उहाँको निवासमा नेपाली सेनाको टोली पनि जाने तयारी गरेको छ। राष्ट्रिकवि घिमिरेले विसं २०७२ मा त्रिभुवन विश्वविद्यालयबाट महाविद्यावारिधी र २०७४ मा नेपाली सेनाबाट मानार्थ सहायक रथीको उपाधिलगायत विभिन्न राष्ट्रिय सम्मान र पुरस्कार प्राप्त गर्नुभएको थियो ।

कविवर घिमिरेका छोरी मञ्जु अधिकारीले उहाँ उमेरगत कारणले पछिल्ला दिनमा सामान्य अवस्थ्य हुनुभएको थियो भने आफ्नो जीवनको अर्को अनुपम कृति 'ऋतम्भरा' महाकाव्य लाई प्रकाशनको तयारीमा रहनुभएको थियो ।

छोरी अधिकारीका अनुसार उक्त महाकाव्यलाई उहाँले लगभग पूरा गर्नुभएको थियो तर छन्द मर्मज्ञ र परिष्कारवादी कवि भएकाले पटकपटक आफैले परिष्कार गरेपछि मात्रै प्रेसमा दिने स्वभावका हुने भएकाले प्रकाशन हुन पाएको थिएन । छोरी अधिकारी रासससँग भन्नुभयो, सो महाकाव्यलाई अब भाइहरुले प्रकाशनमा ल्याउनेछन् । जीवन एक यात्रा हो । बुबा अब नयाँ यात्रामा प्रविष्ट हुनुभएको छ ।

कविवर घिमिरेका पछिल्ला समयमा बुढेससम्मन् पनि ज्यून जानैँ यो जीवनीको रस प्यून जानौजस्ता भावका काव्यरस प्रकाशित भएका थिए ।

नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव प्रा जगतप्रसाद उपाध्यायले पारिवारिक स्रोतबाट कविवरको निधन भएको जानकारी पाउँदा दुःख लागेको र कार्यालयबाट घर आइसकेको भए पनि आफूहरु श्रद्धाञ्जलिका लागि लैनचौरमा जान लागेको र अन्त्येष्टिका लागि नेपाल सरकारबाट हुने राष्ट्रिय सम्मानको निर्णय आएपछि थप जानकारी दिइने बताउनुभयो ।

घिमिरे सय वर्ष पुगेको वर्ष मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानले उक्त वर्षभरि जन्म शताब्दी मनाई उहाँको दम्पतीसहित रथारोहण र राष्ट्रियस्तरको अभिनन्दनलगायत कार्यक्रम गरेको थियो । लमजुङको पुस्तुनमा विसं १९७६ असोज ७ गते पिता गौरीशङ्कर र माता द्रौपदीका कोखबाट जेठा सन्तानका रुपमा जन्मनुभएका घिमिरेको जन्म शताब्दी र अर्धाङ्गिनी महाकाली घिमिरे ८४ वर्ष प्रवेशको अवसरमा निवासमा सहस्र चन्द्रर्शनसहित पारिवारिक र शुभेच्छुकसँगको जमघट कार्यक्रम तय गरिएको थियो ।

घिमिरेको जेठी श्रीमती गौरीको विसं २००४ मा निधनपछि उहाँले रचेको 'गौरी' शोककाव्य र अन्य दर्जनौं काव्य, गीतिनाटक, कथा, यात्रा संस्मरण र अनुवाद विधामा उनका कृतिहरू लोकप्रिय मानिन्छन् ।

राष्ट्रकवि घिमिरेलाई नेपालमा महाकवि लक्ष्मीप्रसाद देवकोटापछिका सर्वाधिक लोकप्रिय स्रष्टा मानिन्छ । उहाँका 'नवमञ्जरी', 'घामपानी', 'नयाँ नेपाल' र 'किन्नरकिन्नरी' आदि कविता संग्रह प्रकाशित छन् । स्वच्छन्दतावादी र परिष्कारवादी भावधाराका कवि घिमिरेका ' गाउँछ गीत नेपाली' जस्ता कैयौं राष्ट्रिय भावका गीत र कविताहरू जनजिब्रोमा झुण्डिएका पाइन्छन् । उहाँका श्रीमती, दुई छोरा र ६ छोरी रहेका छन् ।

# जनप्रतिनिधीकै सरकारी मोसा चोरी

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाका एक जनप्रतिनिधिको सरकारी मोटरसाइकल चोरी भएको छ। धनुषाको कमला नगरपालिका वडा नम्बर ५ का वडाध्यक्ष शिवा पासवानले प्रयोग गर्दै आएको प्रदेश २-०२-००१ ब ००५९ नम्बरको सरकारी मोटरसाइकल जनकपुरधाम उपमहानगरपालिका वडा नं.१६ स्थित जलाद पुल नजिकबाट चोरी भएको बताइएको छ ।

वडाध्यक्ष पासवान जनकपुरधामस्थित आफनो घर आएको बेला सोमवार मध्यरातमै मोटरसाइकल चोरी भएको बताए ।

नगरपालिकाले प्रयोगका लागि उपलब्ध गराएको मोटरसाइकल चोरी भएको अध्यक्ष पासवानले जानकारी गराएको नगरपालिका प्रमुख प्रशासकीय अधिकृत विरेन्द्र कुमार सढानले बताए ।

# दुई जना बालबालिकाको डुबेर मृत्यु

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको छुट्टाछुट्टै ठाउँमा दुई जना बालबालिकाको पोखरीमा डुबेर मृत्यु भएको छ ।

बलवा नगरपालिका १० धमौरा बस्ने रबिन्द्र ठाकुरका ९ बर्षीय छोरा राहुलको घर छेउको पोखरीमा डुबेर मृत्यु भएको छ । नुहाउन गएका उनको डुबेर मृत्यु भएको महोत्तरी प्रहरीले जनाएको छ । यस्तै, गौशाला नगरपालिका ४ बिर्ता बस्ने अर्जुन राउत कुर्मीका ५ बर्षीया छोरी निसानीको घर नजिकै रहेको पोखारीमा डुबेर मृत्यु भएको छ। यी बालिका पनि नुहाउन जाँदा डुबेको महोत्तरीका प्रहरी प्रबक्ता प्रकाश बिष्टले जानकारी दिए ।

मृत्यु भएका दुबैको शवको जिल्ला अस्पताल जलेश्वरमा पोष्टमार्टम गरी परिवारजनलाई बुझाइसकिएको उनले बताए ।

# कोरोनासँग लक्षण देखिएका युवकको मृत्यु, एकै परिवारका ९ जना संक्रमित

**टुडे समाचारदाता**

राजविराज । सप्तरी सदरमुकाम राजविराजमा कोरोनासँग मिल्दोजुल्दो लक्षणका कारण एक युवकको मृत्यु भएको छ भने एकै परिवारका ८ जना संक्रमित देखिएका छन् ।

राजविराज ४ निवासी २८ बर्षीय युवकको कोरोना लक्षण देखिएपछि मृत्यु भएको हो ।

ज्वरो आएको र साँस फेर्न समस्या भएका युवकलाई उपचारका लागि बि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा मंगलबार दिउँसो मृत्यु भएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

एक्कासी बिरामी भएका युवकलाई तत्कालै उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पताल लगिएपनि अवस्था गम्भीर रहेको भन्दै यो अस्पतालले रेफर गरेपछि धरान लगिएको थियो ।

धरान पुगेको केहि बेरमै उनको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियाँलाल यादवले जानकारी दिए ।

मृतकको शव ल्याइएपछि राजविराजमा उनको स्वाब संकलन गरिएको छ ।

स्वाब संकलन गरी उनको साथमा धरानसम्म गएका व्यक्ति र घरका सदस्यलाई अन्तिम संस्कार गर्न दिइने यादवले बताए ।

अन्तिम संस्कारपछि उनीहरुलाई होम क्वारेन्टिनमा राखी उनीहरुको पनि स्वाब संकलन गरिने उनले बताए ।

उता, हनुमाननगर कंकालिनी नगरपालिकाका एकै परिवारका नौ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । एक जनामा एक साताअघि नै संक्रमण पुष्टि भएको र बाँकी ८ जनामा मंगलबार देखापरेको छ ।

नगरपालिकाको वडा नम्बर ९ हनुमाननगर बजार निवासी एकै परिवारका तीन महिलासहित आठ जनामा मंगलबार कोरोनो संक्रमण पुष्टि भएको छ । स्थानीय व्यवसायी यी परिवारका १ जना २८ बर्षीय पुरुष सदस्यमा केहि दिनअघि संक्रमण देखापरेको थियो ।

उनकै कन्ट्र्याक्ट ट्रेसिङ्गको आधारमा परिवारको जााच गराउँदा आठ जना एकै पटक कोरोना पोजेटिभ देखिएको हुनमाननगर कंकालिनी नगरपालिकाका मेयर शैलेश साहले जानकारी दिए ।

यी सबैलाई होम आइसोलेसनमै राखिएको छ ।

# नेका नगर सभापति जलादमा

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली कांग्रेस जनकपुरधाम नगर समितिका सभापति एवम् मेयरका प्रत्यासी मनोज साहले जनकपुरधाम उपमहानगरपालिका वडा नं. १७ स्थित जलाद नदीको तटबन्ध निरीक्षण गरेका छन् ।



प्रदेश सरकारको बजेटबाट निर्माण भइरहेको १ सय मिटरको तटबन्धको निरीक्षण गरेका हुन् । उनले हुलाकी राजमार्ग अन्तर्गत धनुषाको पौडेश्वरको पुलदेखि ओसरा हुदै रेल्वे लाईन सम्मको कटान क्षेत्रको निरीक्षण गरेका हुन् ।

नदीको पानीले उपमहानगरपालिकाको पुर्वी भाग कनकपट्टी , ओसरा , भोईल , तेतरिया , बेलौनी लगायतको गाउँ डुबानमा पर्ने गरेको छ ।

प्रदेश सरकारको बजेटबाट निर्माण भईरहेको तटबन्धले सो क्षेत्रका स्थानीयहरुलाई ठुलो राहत पुग्ने विश्वास गरिएको छ। सो क्षेत्रका स्थानीयहरु कृषिसंग सम्बन्धित भएकोले तटबन्ध निर्माणमा नेपाली कांग्रेसले जोड दिएको हो । नगर सभापति साहले उपमहानगरपालिकाको विपत व्यवस्थापन समितिको बैठक र सम्बन्धित निकायहरुमा गरेको प्रयासले तटबन्ध निर्माण कार्य सम्भव भएको नेपाली कांग्रेस वडा नं. १७ का सभापति बालबोध यादवले बताए ।

निरीक्षणमा जलश्रोत तथा सिचाई विकास डिभिजन धनुषाका ईन्जिनियर गिरिन्द्र झा सहित नेपाली कांग्रेसका नेता कार्यकर्ता लगायत स्थानीयहरुको उपस्थिति रहेको थियो ।

# कुशे औँशी, पितृ सम्मान दिवस मनाइदै

काठमाण्डु । भाद्र कृष्ण औंसीका दिन मनाइने कुशे औँशी पर्व बुधबार(आज) वैदिक सनातन धर्मावलम्बीले वर्षभरि देवकार्य तथा पितृ कार्यमा प्रयोग गरिने पवित्र कुश घर-घरमा भित्र्याएर मनाउँदैछन् । शास्त्रोक्त विधिअनुसार ब्राह्मणद्वारा पूजा गरी उखेलेर जजमानकहाँ पुर्‍याइएको कुश घरमा राख्नाले परिवारको कल्याण हुने धार्मिक विश्वास छ । आजका दिन उखेलिएको कुश वर्षभर प्रयोग गर्न सकिने र अरु दिन उखेलिएको कशु त्यसै दिन मात्र उपयोग गर्न सकिने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतमले राससलाई बताउनुभयो ।

> *सनातन धर्मावलम्बीले कुश, तुलसी, पीपल र शालिग्रामलाई भगवान् विष्णुको प्रतीक मान्दछन्। सृष्टिकर्ता ब्रह्माजीले विवेकशील प्राणीसँगै पवित्र कुश पनि उत्पन्न गर्नुभएको धार्मिक विश्वास छ। आजका दिन घर घरमा राखिएको कुश वर्षभर हुने देवकार्य एवं पितृकार्यमा प्रयोग गरिन्छ।*

सनातन धर्मावलम्बीले कुश, तुलसी, पीपल र शालिग्रामलाई भगवान् विष्णुको प्रतीक मान्दछन् । सृष्टिकर्ता ब्रह्माजीले विवेकशील प्राणीसँगै पवित्र कुश पनि उत्पन्न गर्नुभएको धार्मिक विश्वास छ । आजका दिन घर घरमा राखिएको कुश वर्षभर हुने देवकार्य एवं पितृकार्यमा प्रयोग गरिन्छ ।

**पितृ सम्मान दिवस**

यसै अवसरमा छोराछोरीहरू परम्पराअनुसार आ-आफ्ना बाबुलाई मन पर्ने मिठाइ तथा भोजन खुवाइ आदर सम्मान प्रकट गर्ने र बाबुको मुख हेर्ने गर्दछन् । बाबु नहुनेहरू विभिन्न पवित्र स्थानमा गई आफ्ना बाबुको नाममा तर्पण, पिण्डदान तथा श्राद्ध गरी सिदा दिन्छन् ।

आजको दिन विशेष गरी उत्तरगया भनेर चिनिने काठमाडौँको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर महादेव मन्दिर परिसरमा विशेष मेला लाग्छ । यसैले आजको औँशीलाई गोकर्णे औँशीका नामले पनि चिनिन्छ । यस अवसरमा गोकर्णेश्वर महादेव मन्दिर परिसरमा दिवङ्गत बाबुको नाममा तर्पण, पिण्डदान तथा सिदादान गर्नेहरूको भीड लाग्ने गरेपनि यस वर्ष कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएकाले मन्दिर क्षेत्र पूर्ण रुपमा सिल गरिएको छ ।

मन्दिर छिर्ने चारवटै नाकामा प्रहरी राखिएको गोकर्णेश्वर नगरपालिका-४ का अध्यक्ष श्रीकुमार श्रेष्ठले राससलाई जानकारी दिनुभयो । यसैगरी रसुवा र नुवाकोट संगमस्थल वेत्रावतीमा लाग्ने मेला पनि यस वर्ष कोरोनाका कारण प्रभावित भएको छ । गोकर्णेश्वर नगरपालिकाले सुरक्षित रुपमा घर घरमै पितृ सम्मान दिवस मनाउन आह्वान गरेको छ ।

'पितृदेवो भव' भन्ने धार्मिक मान्यताअनुरूप यस दिन छोराछोरीहरूले आफ्ना बाबुलाई श्रद्धापूर्वक रुचिअनुसारको खाना खुवाई आशीर्वाद प्राप्त गरेमा सुख मिल्छ। बाबु परलोक भइसकेकाहरूले गोकर्ण अथवा अन्य तीर्थस्थलमा गई तर्पण तथा सिदादान गरेमा पुण्य मिल्नाका साथै आफ्नो कुल स्थिर हुने बुद्धोक्त पाराजिकाय नामक धर्मग्रन्थमा उल्लेख छ । आजको दिन थोरै दान गरेपनि हजारौँ गुणा बढी फल पाइने भएकाले पुण्य पर्व पनि भनिन्छ । दान कुपात्रमा परे दिने र लिने दुवै नरक जाने शास्त्रीय भनाइ रहेको धर्मशास्त्रविद् गौतमले सुनाउनुभयो । अरु दान दीन दुःखीलाई दिएपनि सङ्कल्प गरेर दिने दान सुपात्रमै दिइनुपर्छ भन्ने शास्त्रीय मान्यता छ ।

यस वर्ष औँशी श्राद्ध मङ्गलबार नै परेकाले धेरै भक्तजन गोकर्ण क्षेत्रमा आउन चाहे पनि उपत्यकामा बढ्दै गएको कोरोनाका कारण सबैको स्वास्थ्यलाई ध्यान दिँदै प्रवेशमा रोक लगाउनुपरेको गोकर्णेश्वर महादेव मन्दिरको पुजारी जगदीशचन्द्र भट्टले बताउनुभयो। प्रत्येक वर्ष भाद्रकृष्ण औँशीका दिन गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रमा देशका विभिन्न भाग एवं भारतबाट हजारौँ भक्तजन पितृतृप्तिको कामनाले आउने गरेका थिए ।रासस

# यादवको २६ औ स्मृति दिवसमा वृक्षारोपण

**सिकेन्द्र पासवान**

कलैया । राम वृक्ष यादवको २६औं स्मृति दिवसको अवसर पारेर बाराको सिद्धेश्वर मन्दिरमा बृक्षारोपण कार्यक्रम गरिएको छ । सिदेश्वर परिसर भित्र १ सय वटा बिरुवा रोपिएको हो ।



राष्ट्रिय युवा संघ नेपाल र अखिल नेपाल राष्ट्रिय स्वतन्त्र बिद्यार्थी युनियन बाराको आयोजनामा सो वृक्षारोपन गरेको हो ।

नेकपा प्रदेश कमिटी सदस्य प्रभु यादवको प्रमुख आतिथ्यमा सो वृक्षारोपन गरिएको थियो ।

वृक्षारोपन कार्यक्रममा जिल्ला कमिटी सदस्य मुकेश साह, धुरी साह, रमेश साह, जितेन्द्र साह, मुस्लिम संगठन नेपालका सचिवालय सदस्य राज महम्मद राय, युवा तथा बिद्यार्थी नेता रुस्तम अंसारी, ओजेर आलम, राकेश पंडित, प्रमोद यादव, ब्रहमदेव कुशवाहा, प्रभु साह, बिनोद गुप्ता, सदाम हुसेन, सुर्य बहादुर राउत, लक्ष्मी राउत तथा कलैया उपमहानगर पालिका १३ का वडाध्यक्ष राजन पटेल लगायतको सहभागिता रहेको थियो ।

# वडाध्यक्षले स्थानियमाथि हातपात गरेको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाधाम नगरपालिकाका वडाध्यक्षले स्थानियमाथि हातपात गरेको आरोप लागेको छ । धनुषाधाम नगरपालिका वडा नं. ९ का वडाध्यक्ष संजिव यादवले मंगलबार वडा नं. ९ का तेजी यादवका परिवारमाथि कुटपिट गरी घाइते बनाएको आरोप लागेको छ । प्राप्त जानकारी अनुसार वडाध्यक्षको नेतृत्वमा स्थानीय अनरजीत यादव, प्रदीप यादव, रामप्रसाद यादव, नागेन्द्र यादव लगायतले कुटपिट गरी घाइते बनाएका हुन् ।

कुटपिटबाट तेजी यादव, उनका श्रीमती मन्तोरिया देवी यादव, छोरा भरोसी यादव, बुहारी सोनी यादव र कान्छो छोरा सत्रोहन यादव घाइते भएका छन् । घाइतेहरुको उपचार अहिले ढल्केबर स्थित एक क्लिनिकमा भइरहेको घाइते भरोसी यादवले जानकारी दिए ।

वडाध्यक्षले आफ्नो काममा नसघाएको भन्दै कुटपिट गरेको पीडित परिवारले आरोप लगाएका छन् । मंगलबार बिहानै वडाध्यक्ष यादवले घर मिस्त्री पवन साहलाई समेत कुटपिट गरेका थिए ।

सिंगो परिवारमाथि कुटपिट गरेपनि इलाका प्रहरी कार्यालय ढल्केबरले निवेदन दर्ता गर्न अस्वीकार गरेको पीडितले बताए । वडाध्यक्ष संजिव यादवको नाम हटाए मात्र उजुरी दर्ता गर्ने प्रहरी निरीक्षक तीर्थ कार्कीले बताएको पीडित परिवारले सुनाए ।

यता प्रहरी निरीक्षक कार्कीले परिवारमाथि कुटपिटपछि पीडित परिवार निवेदन दिन आएको तर मिलापत्र गरेर गएको दावी गरे ।

# निजी क्षेत्रबाट उत्पादित सबै बिजुली किन्न सरकार तयार छः मन्त्री पुन

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले विदेशी लगानीकर्तासँग मिलेर जलविद्युत्मा लगानी गर्न नेपालका ऊर्जा उद्यमीलाई आग्रह गर्नुभएको छ । मन्त्री पुनले विदेशी लगानीकर्तासँग मिलेर ऊर्जा उत्पादनमा लाग्ने स्वदेशी लगानीकर्तालाई नीतिगत रुपमै सरकारले स्वागत, प्रोत्साहन र संरक्षण गर्नेसमेत बताउनुभयो । विदेशी लगानीकर्तासँग काम गर्दा घरेलु लगानीकर्ताले दक्षता वृद्धि, प्रविधिमा विकास तथा व्यापारिक ज्ञान हासिल गर्न सक्ने विश्वास मन्त्री पुनको थियो ।

जलविद्युतको क्षेत्रमा लाग्नुभएका स्वदेशी लगानीकर्तालाई मेरो यो आग्रह छ, तपाईंहरु विदेशी लगानीकर्तासँग मिलेर काम गर्नुस् ।, स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इपान) को नवनिर्वाचित कार्यसमितिलाई बधाई दिन आज आयोजित कार्यक्रममा मन्त्री पुनले भन्नुभयो, विदेशी लगानीकर्तासँग काम गर्दा क्षमता, प्रविधि र अनुभवको आदान/प्रदान हुन्छ । मन्त्री पुनले वर्तमान सरकार र ऊर्जा मन्त्रालयको नेतृत्वले जलविद्युत् क्षेत्रका लागि लगानीमैत्री वातावरण बनाएको उल्लेख गर्दै उहाँले निजी क्षेत्रबाट उत्पादित सबै बिजुली किन्न सरकार तयार रहेको दोहोर्‍याउनुभयो ।

निजी क्षेत्रका सबै आयोजनाबाट उत्पादित विद्युत् नेपाल विद्युत् प्राधिकरणले विद्युत् खरिद सम्झौतामार्फत खरिद गर्ने प्रतिबद्धता मन्त्री पुनको भनाइ थियो । कोभिड-१९ महाकारीका कारण अधिकांश विकास आयोजनाको निर्माण कार्य ठप्प हुँदा पनि जलविद्युत् आयोजना निर्माणका काम सुचारु गर्न मन्त्रालयले सहजीकरण गरेको उहाँले स्मरण गर्नुभयो ।

यस्तै कोभिड महामारीकै बीच पनि निजी क्षेत्रबाट उत्पादित बिजुलीको भुक्तानी नरोकिएको बताउनुभयो । हामीले कोभिड-१९ महामारीमा पनि निजी क्षेत्रबाट खरिद गरिएको विद्युत्को शुल्क एक दिन पनि रोकेनौँ । मन्त्री पुनले भन्नुभयो, यसले लगानीकर्ताको मनोबल बढेको छ भन्ने मलाई लागेको छ। उहाँले इमान्दार लगानीकर्ताका लागि मन्त्रालय र सरकारले सधैँ सहजीकरणको काम गरिरहेको र गर्ने स्पष्ट गर्नुभयो । सङ्घीय संसद्मा विचाराधिन नयाँ विद्युत् ऐन निजी क्षेत्र र लगानीमैत्री रहेको भन्दै उहाँले त्यसले लगानीकर्तालाई प्रोत्साहित गर्ने विश्वास व्यक्त गर्नुभयो ।

विगतमा विद्युत्भार कटौती अन्त्य गर्ने ऊर्जा मन्त्रालय र विद्युत् प्राधिकरणको एक मात्र लक्ष्य भए पनि अब ऊर्जामा आत्मनिर्भरतासँगै आन्तरिक र बाह्य बजार व्यवस्थापन गर्नुपर्ने चुनौती थपिएको मन्त्री पुनले बताउनुभयो । आगामी वर्षभित्रै नेपालमा कूल जलविद्युत् क्षमता कम्तीमा २६ सय मेगावाट पुग्ने भन्दै उहाँले मन्त्रीका रुपमा आफ्ना अगाडि बजारको व्यवस्थापन कसरी गर्ने भन्ने चुनौती खडा भएको उल्लेख गर्नुभयो । रासस

# प्रेस काउन्सिलको कार्यवाहक अध्यक्षमा भण्डारी

काठमाण्डु । सरकारले प्रेस काउन्सिल नेपालको कार्यवाहक अध्यक्षमा दुर्गा भण्डारी (पौडेल) लाई तोक्ने निर्णय गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले भण्डारीलाई कार्यवाहक अध्यक्षमा तोक्ने निर्णय गरेको अर्थ एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले जानकारी दिनुभयो । यसअघि सञ्चार मन्त्रालयले भण्डारीलाई काउन्सिलको सदस्यमा नियुक्ति गरेको थियो । भण्डारी विगत २५ वर्षदेखि मोफसलमा पत्रकारिता गर्दै आउनुभएको थियो । झापा भद्रपुर नगरपालिका-८ मा जन्मिनुभएका भण्डारी हाल पोखरा महानगरपालिका-५ मा बस्दै आउनुभएको छ ।

आमसञ्चार तथा पत्रकारितामा स्नातकोत्तर तह उर्त्तिण गर्नुभएका उहाँ कानून व्यवसायी रहनुहुन्छ ।

नेपाल पत्रकार महासङ्घको केन्द्रीय सदस्य, प्रेस चौतारी नेपालको सचिव र सञ्चारिका समूह पश्चिमाञ्चलको अध्यक्ष रहनुभएको छ । यसैगरी काउन्सिलको सदस्य पदमा पत्रकार दीपक पाण्डेले नियुक्ति हुनुभएको छ । पत्रकार महासङ्घको केन्द्रीय सदस्य तथा लेखा संयोजक रहिसक्नुभएका पाण्डे दृष्टि साप्ताहिक, प्रकाश साप्ताहिकको सम्पादकको रुपमा काम गरिसक्नुभएको छ । उहाँ हाल जनता टेलिभिजनको सम्पादक सल्लाहकारको रुपमा रहनुभएको छ । पाण्डेको सोमबार काउन्सिलमा सपथ ग्रहण गरिसक्नुभएको छ ।रासस

**श्री धर्म संस्था**
**राम स्वरुप साह, राम सागर साह**
**मिल्स एरिया , जनकपुरधाम**

**सूचना ! सूचना !! सूचना !!!**

यस श्री धर्म संस्थाको आ.व. २०७६/२०७७ को वार्षिक लेखा परीक्षण र आ.व. २०७६/२०७७/२०७८ (२) दुई वर्षको आन्तरीक लेखापरीक्षण गराउनु पर्ने भएकोले इच्छुक लेखापरीक्षकहरु सूचना प्रकाशित मिति देखि ७ सात दिन भित्रमा आवेदन दिन हुन व्यहोराका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्क**
**श्री धर्म संस्था कार्यालय**
**फोन.नं. ०४१-५९०५९३/मो.नं. ९८४४०५२११७**

**लक्ष्मण प्रसाद साह**
**सचिव**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# एसइईको नतिजाले देखाएको बाटो

विश्वव्यापी कोरोना भाइरसको कहरको कारण शिक्षा क्षेत्रपनि नराम्ररी प्रभावित भएकोछ ।अन्य क्षेत्रहरु जस्तै शिक्षा क्षेत्रमापनि व्यापक प्रभाव परेकोछ ।लकडाउन भएदेखि कक्षा सञ्चालन हुन सकेको छैन् ।कक्षा नै सञ्चालन नहुँदा पठनपाठन स्वभाविक रुपमा बन्द छन् ।नेपालमा उच्च शिक्षाको क्षेत्रमा सरकारी स्तरबाट अनलाइन कक्षा सञ्चालनको व्यवस्था मिलाइएकोछ ।माध्यमिक शिक्षा तर्फ कुनै प्रकारले विद्यार्थीलाई जोड्ने प्रयास गरिएको छैन् ।निजी क्षेत्रले समेत विद्यार्थीहरुलाई जोड्न अनलाइन कक्षा सञ्चालनको प्रयास गरेको छैन् ।विद्यार्थीहरु घरमा नै बसेपनि उनीहरु पठनपाठनमा केन्द्रित हुन सकिरहेको छैन् ।विद्यार्थीहरुको पठनपाठनलाई अनलाइनबाट अन्य देशहरुमा व्यवस्थित गरिएकोछ ।हरेक दिन केहि कक्षाहरु अनलाइनबाट हुने र विद्यार्थीहरुलाई गृहकार्य दिएर पढाइमा ध्यान केन्द्रित गराउने प्रयास भइरहेकोछ ।नेपालमा सरकारी र निजी दुवै क्षेत्रले यस तर्फ सार्थक प्रयास गरेको छैन् ।कक्षा कोठामा विद्यार्थीहरु समुहगत रुपमा बस्ने भएकाले कोरोना कहरको बेला आमुनेसामने कक्षा सञ्चालन उपयोगी हुन सक्दैन् ।नेपालमा अनलाइन कक्षा नै सञ्चालन हुन कठिन भइरहेको बेला परीक्षा त झन सहज हुने छैन् ।सरकारले अनलाइन कक्षा सञ्चालनका लागि निर्देशिकापनि जारी गरेको छैन् ।नेपालमा संघीय सरकार नै शिक्षाको सवालमा प्रष्ट छैन् ।सरकारको हरेक निर्णय विवादित बन्ने गरेकोछ ।शिक्षामा विज्ञको सल्लाह कम र राजनीतिक हठ बढी प्रभावकार ी देखिएको छ ।६ महिनादेखि कक्षा सञ्चालन हुन सकेको छैन् ।त्यस समयमा कुनै परीक्षापनि हुन सकेको छैन् ।नेपाल सरकारले लकडाउन नखुले सम्म अनलाइनबाट नै नियमित कक्षा सञ्चालन गर्न सामुदायिक र निजी दुवै क्षेत्रका लागि निर्देशिका जारी गरिदिनुपर्छ ।निजी क्षेत्रका विद्यालयहरुले शिक्षकलाइ तलब सुविधा रोकेपनि सामुदायिक विद्यालयका शिक्षकहरुले तलब सुविधाहरु निर्वाध रुपमा पाइरहेका छन् ।अनलाइन कक्षामा सहभागि भए निजी क्षेत्रका शिक्षकहरुलेपनि तलब पाउने छन् ।सरकारले प्रष्ट धारणा ल्याउनुपर्छ ।निर्णय लिँदा विज्ञहरु सितको सुझावलाई प्राथमिकतामा राख्नुपर्छ ।नेपालमा हरेक निर्णय राजनीतिक भावनाले प्रेरित भै गर्ने चलन जस्तै रहेकोछ ।देशमा शिक्षाको अवस्था लकडाउनको कारण झन खस्कने जोखिमछ ।उच्च शिक्षाको भन्दा अहिले माध्यमिक शिक्षालाई व्यवस्थितगरि अनलाइन कक्षा अनिवार्य रुपमा सञ्चालन गर्नुपर्छ ।माध्यमिक शिक्षा बोर्डले सार्वजनिक गरेको एसइईको नतिजाले विषम परिस्थितिमापनि प्रकृयालाइ अगाडी बढाउन सकिने सन्देश दिएकोछ ।एसइईको परीक्षा लिने सबै तयारी भइसकेको थियो ।तर लकडाउनको कारण परीक्षा सञ्चालन संभव नै भएन् ।परीक्षा नभएपनि बोर्डले केहि ढिला भएपनि नतिजा सार्वजनिक गरेकोछ ।विद्यालयले गरेको मुल्यांकनकै अधारमापनि परीक्षाफल प्रकाशन गर्न सकिने नेपालमा पहिलो प्रयोग भएकोछ ।माध्यमिक शिक्षा बोर्डले सार्वजनिक गरेको नतिजामा केहि त्रुटीहरुपनि होलान् ।अगामी दिनमा त्यसलाई सच्याएर अगाडी बढनुपर्छ ।कक्षा ११ र कक्षा १२ को नतिजापनि अब त्यै विधिको प्रयोगगरि सार्वजनिक गर्नुपर्ने अवस्था आइसक्यो ।

# पिताको सम्मान गर्नुपर्ने दिन

हिन्दू धर्मशास्त्रमा तीन ऋण मानेको छ - मातृऋण, पितृऋण र देवऋण । यसले के देखाउँछ भने मानिसले माता, पिता र देवताको सम्मान गर्नैपर्छ । शास्त्रहरुले माता, पिता र देवको परिचय पनि स्पष्टरुपमा दिएका छन् तर आधुनिक जीवनशैलीले सबैको अर्थको विस्तार गरेको छ ।

विभिन्न सन्दर्भमा पिताको अर्थ पालनकर्ता, संरक्षक तथा जन्म दिने व्यक्ति आदि लगाइएको पाइएको छ । पिताले पितृको अर्थमा हरेक व्यक्तिको आफूभन्दा पहिलेका आफ्नै वंशजहरु हुन् भन्ने अर्थ लगाइएको पनि पाइएको छ । पालनकर्ता तथा संरक्षकको लौकिक र आध्यात्मिक गरी दुई अर्थ लगाइएको पाइन्छ । पालनकर्ताको अर्थ विष्णु हो भन्ने गरिन्छ । संसारकै पिता विष्णु, संसारका सबै जीवको पालनकर्ता तथा संरक्षक विष्णु हो भन्ने मान्यता रहेको पाइन्छ ।

हामी पिताको सामान्य अर्थ लगाउँछौं । यसलाई पिताको लौकिक अर्थ भनिन्छ । पिता भनेकै बुबा हुन् । बुबाबिना हाम्रो परिवेशमा मानिसको जन्म अहिलेसम्म सम्भव छैन । हाम्रो समाज पितृसत्तात्मक समाज हो । यसले गर्दा पिता वा केटा मान्छेको बर्चस्व रहेको छ । समाजमा पुरुषको महत्व अद्यापि उच्च रहेको छ । यहाँ महिलालाई कमजोर भन्न खोजिएको होइन । पुरुष प्रधान समाज रहेको तथा पितृ सत्तात्मक समाज रहेको अवस्थामा स्वतः सामाजिक लैंगिक विभेद रहेको भने स्पष्ट छ । हामीकहाँ वंश परम्परा पिता वा छोरातिरबाट नै चल्ने मानिन्छ । अहिलेसम्म सामान्य ग्रामीण जनजीवनमा छोरीभन्दा छोरालाई विशेष महत्व दिइन्छ ।

शास्त्र र हाम्रो सामाजिक व्यवहारले सम्मानको मामिलामा महिला र पुरुष अर्थात माता र पिता दुवैलाई सम्मान गरेको देखिन्छ । हरेक वर्ष पितृ पक्ष र मातृ पक्ष भनेर वर्षको दुई पक्षलाई पिता र माताको सम्मानमा छुट्ट्याइएको पाइन्छ । पितृ पक्षमा पितृहरुको श्रद्धा, सम्झना र सम्मान गरिन्छ । सोह्र श्राद्धको पक्ष भनेर परम्परागत मान्यता रहेको पाइन्छ ।

मातृ पक्ष भनेको देवीहरुको शक्तिको पूजा र अर्चना गरिने पक्ष हो । सामान्यतया असोजको शुक्ल पक्षलाई मातृ पक्ष भन्ने गरेको पाइन्छ । हाम्रो समाजमा माता भनेर देवीहरुलाई पनि भन्ने गरिएको पाइन्छ । यस अर्थमा माताहरुको सम्मान गरिएको हो भन्दा अत्युक्ति नहोला ।

शास्त्रहरुमा भनिएको पितृऋणको अर्थ केही भिन्न रहेको पाइन्छ । सामान्य लौकिक जीवनमा पिताको सेवा र सम्मान गर्नु, पिताको अपमान नगर्नु, पिताको इच्छाको पनि सम्मान गर्नु आदिलाई पिताको सम्मान मान्न सकिन्छ । आफू जवान र पिता बूढो भएपछि पितालाई अपमान गर्ने वा कतिपयले घरबाट निक्लिनेसम्मको अवस्था आउने गरेको देखिन्छ ।

खानलाई नै नदिने, लुगाकपडामा ध्यान नदिने, चाडपर्वमा पनि ख्याल नगरिदिने, बिरामी पर्दा औषधि उपचार नगरिदिने र अनेक अपशब्द प्रयोग गर्नेजस्ता अपमानहरु गर्ने मानिसहरु पनि छन् । अझ कतिपयले आफ्ना पितालाई गाली गर्ने र कुट्नेसम्म अपराध पनि गरेको पाइन्छ । यस प्रकारका मानिसलाई समाजले नै पापी वा अपराधी भन्ने गरेको पाइन्छ ।

पितालाई अपमान गर्नु अपराध हो, पाप हो । कम्तीमा यति बिर्सनु हुँदैन कि पिता नभएको भए उनको अस्तित्व हुने थिएन ।

कुनै पनि पिताले आफ्ना छोराछोरीले नराम्रो गरुन्, नराम्रो मानिस बनून् र समाजमा कमजोर होऊन् भन्ने चाहना कदापि राखेका हुँदैनन् । साथै जब सन्तानको रुपमा आफ्ना काखमा राखेका हुन्छन्, अनेक सपना पनि त्यही सन्तानमाथि टेकेर देखेका हुन्छन् । धेरै आशा लिएर पालेका हुन्छन्, दुःख गरेर हुर्काएका हुन्छन्, भोलि केही राम्रो गर्लान् भन्ने सोचेका हुन्छन् ।

यसरी कुनै पनि पिता वा जन्मदाताले आफ्नो जीवनको कठिन घडीमा सहारा हुने आशा राख्नु र आफ्नो सन्तानको असल भविष्यको लागि निरन्तर आफूले सकेको उपाय गर्नु हाम्रो सामाजिक यथार्थ हो ।

समाजलाई राम्ररी अध्ययन गर्ने हो भने पिताको अपमान गर्नेले आफूले पनि अपमान भोगेका दृष्टान्तहरु पाइन्छन् । पितालाई पिता नमान्नेले आफ्नो सन्तानबाट पनि आफूले खोजेको सम्मान नपाएको देखिएको छ । यो शतप्रतिशत नमिल्ला तर अधिकांश मानिसले यही विचार गर्दछन् कि जसले आफ्नो मातापिताको सम्मान गर्दैन, उसले अरुको पनि सम्मान गर्दैन । आफ्नो पिताको इज्जतको ख्याल नराख्नेले अरुको पनि इज्जतको के ख्याल राख्ला ? यसरी सम्मानको अविश्वास निजमाथि रहेको धरातलमा वास्तवमा हरेकले पिताको सम्मान गर्नैपर्ने देखिन्छ । शास्त्रहरुले पनि पिताको ऋण नतिर्ने मानिस आफ्नो जीवनभर सदैव ऋणी बनिरहन्छन् भनिएको छ ।

> 
>
> **सञ्जय मित्र**
>
> *हामी पिताको सामान्य अर्थ लगाउँछौं । यसलाई पिताको लौकिक अर्थ भनिन्छ । पिता भनेकै बुबा हुन् । बुबाबिना हाम्रो परिवेशमा मानिसको जन्म अहिलेसम्म सम्भव छैन । हाम्रो समाज पितृसत्तात्मक समाज हो । यसले गर्दा पिता वा केटा मान्छेको बर्चस्व रहेको छ । समाजमा पुरुषको महत्व अद्यापि उच्च रहेको छ । यहाँ महिलालाई कमजोर भन्न खोजिएको होइन । पुरुष प्रधान समाज रहेको तथा पितृ सत्तात्मक समाज रहेको अवस्थामा स्वतः सामाजिक लैंगिक विभेद रहेको भने स्पष्ट छ । हामीकहाँ वंश परम्परा पिता वा छोरातिरबाट नै चल्ने मानिन्छ ।*

पिताको ऋण तिर्नु भनेको पिताको इच्छाको सम्मान गर्नु हो र आवश्यक परेको समयमा पितालाई चाहिएको सहयोग गर्नु हो । चाहिएको सहयोग भन्नु हो अर्थ पिताको शरीर स्वास्थ्यको ख्याल गर्नु हो । उमेर बढ्दै गएपछि पिताको स्याहार गर्नुपर्ने अवस्था बढी आउन सक्छ । यही स्याहारको समयमा नै वास्तवमा सन्तानको वास्तविक पहिचान हुन्छ । परेको समयमा पिताको स्याहार नगर्नेलाई समाजले नराम्रो मानेको त हुन्छ नै पिताको आत्माले पनि सरापेको हुन्छ । पिताको सराप लागेको मानिस आफ्नो जीवनमा के कति सफल होला भन्ने विषयमा समाज कहिल्यै पनि सकारात्मक रहेको पाइन्न । पितृ ऋण तिर्न नसक्ने मानिस ऋण पचाएको अपराधीजस्तो आफ्नो जीवनलाई पाएको हुन्छ ।

शास्त्रहरुमा के भनिएको पाइन्छ भने पिताको इच्छाको सम्मान र अवस्थाअनुसारको स्याहार पितृऋण तिर्ने उपाय हो । यो एक किसिमको संस्कार हो, संस्कृति हो । यो हस्तान्तरणीयजस्तै हुन्छ । कोही पिताका पनि पिता छन् वा थिए, यसै गरी कोही सन्तानका पनि सन्तान छन् वा हुन्छन् । यस अर्थमा पिताले पनि पिताको सम्मान गर्नुपर्छ र सन्तानले पनि सन्तान जन्माउनु पर्दछ । एक ठाउँमा मैले अध्ययन गरेको छु - छोराको रुपमा जन्मनेले आफू पनि पिता बन्नै पर्दछ, लौकिक जीवनमा पिता नबन्नेले चाहिँ पितृऋण तिरेको ठहरिन्न । यसले पिताको सेवा गर्नु पितृऋण तिर्नु अवश्य हो तर आफू पनि पिता बन्नु र उसको स्याहार गरेर, उसलाई हुर्काएर एउटा नागरिक बनाउनु वर्तमान परिवेशमा सन्तानप्रतिको कर्तव्य कहिएला तर यो पनि पितृऋणकै अंश हो ।

कतिपयले के भन्ने गरेका छन् भने सबैले आफ्ना पिताको इमानदारीपूर्वक स्याहार गर्ने हो भने वृद्धाश्रमहरु बन्द हुनेछन् । यो आंशिक सत्य हो । चाहेर पनि घरमा बस्न नसिकने अवस्था हुन्छ । आजको परिवेशमा मानिस रोजगारीको क्रममा अनेक ठाउँमा जानुपर्ने बाध्यतामा हुन्छन् । जहाँ रोजगारी छ, त्यहाँको वातावरणमा मातापितालाई सँगै राख्न सकिन्छ कि सकिँदैन, यो एउटा पक्ष हो । अर्को महत्वपूर्ण पक्ष यो पनि हो कि कतिपय मातापिता आफ्नो गाउँघरलाई छाडेर छोराछोरीको ठाउँमा जान मन पराउँदैनन् । मातापिताको आफ्नो अनुकूलको परिवेश नै नहुने भएकोले आफ्नो गाउँठाउँबाट अन्यत्र जान नचाहेका हुन्छन् ।

कतिपय व्यक्ति विशेष यस्ता पनि हुन्छन् जो आफैं अशक्त हुन्छन् । जन्मजात अशक्त पनि हुन सक्छन् वा जीवन भोगाइको क्रममा कुनै दुर्घटना वा रोगले पनि अशक्त हुन सक्छन् । यस अवस्थामा त मातापिताको स्याहार गर्न सम्भव हुँदैन । यस कारण वृद्धाश्रमको आवश्यकता र औचित्य हुन्छ । कतिपय मानिसका कोही सन्तान हुँदैन । कतिपय चाहिँ विशेष कारणले सन्तानसित बस्न चाहँदैनन् । कतैबाट कुनै किसिमको स्याहार पाउन नसक्नेले वृद्धाश्रम यदि व्यवस्थित छ भने आफ्नो अशक्त जीवनलाई त्यहाँ व्यतीत गर्न सक्छन् । यस अर्थमा ज्येष्ठ नागरिकको शरीर अनुकूल तथा मनोविज्ञान अनुकूलको सुव्यवस्थित ज्येष्ठ नागरिक स्याहार केन्द्र वा वृद्धाश्रम आवश्यक हुन्छ ।

कसैले पनि आफ्ना मातापितालाई सामान्यतया वृद्धाश्रममा पठाउन नपरोस् । यस किसिमको वातावरण कुनै व्यक्तिले मात्र बनाउन सक्दैन । मुख्यतः समाजले र राज्यले नै बनाउने हो । वर्तमान परिवेशमा स्थानीय तहले चाहेर यस किसिमको व्यवस्था गर्न सक्छ कि हरेकले पिताको सम्मान गर्नैपर्ने अवस्था आओस् । स्थानीय सरकारको दृष्टिकोणले यो मानवता हो तर सन्तानहरुले मातापिताको सेवा गर्नुपर्ने वातावरण बनाउनु व्यवहारको निरन्तरता पनि हो । संस्कृतिको परिपालन हो । जसले मातापिताको सेवा गर्दैन, उसलाई के कस्ता अधिकारबाट वञ्चित गर्न सकिन्छ वा मातापिताको सम्मान गर्न के कस्ता उपायहरु अपनाउन सकिन्छ भन्ने विषयमा बहसको थालनी गर्ने समय आइसकेको छ ।

अहिलेको व्यवहारले छोरा जन्मिएपछि पिताको सम्पत्तिमा स्वतः अधिकारको वकालत गर्दछ । यो हुनु पनि पर्दछ तर निशर्त होइन । सम्पूर्ण सम्पत्तिमा होइन । सबै किसिमको सम्पत्तिमा होइन । मातापिताको आफ्नो सुरक्षा हुनुपर्ने अवस्था हुनु पनि आवश्यक छ । कुनै पनि मातापिताले आफ्ना सबै सन्तानको सकेसम्म राम्रो भविष्य होओस् भन्ने चाहेका हुन्छन् । यसका लागि सकेसम्म प्रयास गरेका हुन्छन् । आफ्ना कतिपय इच्छा र चाहनालाई सन्तानको उज्ज्वल भविष्यको लागि छोडेका हुन्छन् तर त्यही सन्तान अलिक कमाउने भएपछि मैले आफ्नो प्रतिभाले, आफ्नो क्षमताले, आफ्नो दक्षताले गरेको हुँ भन्न थाल्दछन् । हो, क्षमता, दक्षता र प्रतिभा नभइकन कुनै पनि मानिसले धेरै प्रगति गर्न सक्दैन तर यसमा मातापिताको योगदानलाई बिर्सिनु हुँदैन । ठूलो मान्छे भएँ भन्दैमा मातापितालाई बिर्सिन पाइँदैन ।

हाम्रो सामाजिक परिवेशले पितालाई कमाउने जिम्मेवारी दिएको छ । एक अर्थमा घरको मुख्य मान्छे मात्र हुने होइनन् पिता, मुख्य जिम्मेवार मान्छे पनि हो । सबै किसिमको संकटबाट परिवारलाई जोगाउनु, परिवारका सबै सदस्यको भरणपोषण गर्नु, उमेरअनुसारको सबैको चाहनाको ख्याल गर्नुजस्ता कर्तव्यलाई प्रायः पिताले इमानदारी र निष्पक्षतापूर्वक परिपालन गरिरहेका छन् । यो हाम्रो समाजको एउटा बलियो आधार हो । यस आधारभूमिका आफ्ना सम्पूर्ण जीवन, सम्पूर्ण परिश्रम, सम्पूर्ण मानसिकता तथा सम्पूर्ण सामर्थ्य पिताले लगानी गर्दैगर्दा मनको कुनै कुनामा आफू अशक्त र वृद्ध भइसकेपछि थोरै भए पनि आलम्बनको अपेक्षा पनि राखेका हुन्छन् । सन्तानले पिताको अपेक्षा पूरा गर्नुपर्ने देखिन्छ ।

पिता शब्द आफैँमा सर्वत्र सम्मानयोग्य हो । विभिन्न दिवस मनाउने क्रममा औपचारिक रुपमा पिताको सम्मान गर्ने दिवसको सुरुआत गरिएको हो । यो आफैँमा राम्रो यसकारण पनि हो कि यस दिनको चर्चामात्रले पनि व्यक्तिमा आफूले आफ्ना पिताको सम्मान गरे नगरेको आत्ममूल्यांकन गर्न सजिलो हुन्छ । यसै गरी आफूले आफ्ना सन्तानबाट कस्तो किसिमको सम्मान पाउन चाहेको हो त्यो पनि स्पष्ट हुन्छ । पिताको सम्मानले सन्तानले आफ्नो सम्मान गर्दछ भन्ने मनोविज्ञानको विकास हुने यस दिनले पिताप्रति श्रद्धाको उत्सव मनाउने गर्दछ । सामाजिक सञ्जालहरुमा यस दिनले उत्सव मनाइरहेको देखिन्छ । सामाजिक सञ्जालमा मनाइने पितृ सम्मान दिवस नै अन्तिम त होइन तर यसले धेरैलाई प्रेरणा दिने र धेरैलाई यस दिनको पनि सम्झना गराउने हुन्छ । आफ्ना पिताप्रति सबैले सम्मान व्यक्त गर्दछन् ।

पिताप्रति सम्मान व्यक्त गर्न कतिपयले आफ्ना मातापिताको नाउँमा विभिन्न पुरस्कारको स्थापना पनि गरेका हुन्छन् । पुरस्कारको स्थापना गरेर हरेक वर्ष उनको योगदानलाई अरुमाझ फैलाउने र सबैको स्मृतिमा आफ्ना पितालाई पुऱ्याउने गर्दछन् । जीवनभर पिताको सम्मान गर्ने र शेषपछि पिताको नाम र योगदानलाई उँचो बनाउने किसिमका संघसंस्थाहरु पनि नखोलिएका होइनन् । यस प्रकारका सार्थक कामहरुले निरन्तरता पाउनुपर्छ तर यसभन्दा पनि अति महत्वपूर्ण काम चाहिँ हरेक जीवित पिताले वास्तविक सम्मान पाउनु पर्दछ भन्ने नै हो ।

# परिवारको रक्षा गर्न एके ४७ उठाउने अफगान किशोरीको सर्वत्र प्रशंसा

*काबुन खामुश*
*बीबीसी पर्सियन*

गत महिना आफ्नो घरमा आक्रमण हुँदा १५ वर्षीया नूरियाले एके(४७ राइफल उठाइन् र दुई व्यक्तिको ज्यान लिइन् भने तेस्रोलाई घाइते बनाइदिइन्। 'नायिका' को रूपमा उनको चर्चा भयो। तर त्यस रातको घटनापछाडिको कथा निकै जटिल छ। नूरियाले तालिबान आक्रमणकारी वा आफ्नै पतिलाई गोली हानिन् कि दुवैलाई? ती मानिसहरू निस्पट्ट अन्धकार भएको बेला गाउँ पुगेका थिए। नूरियाका अनुसार झन्डै १ बजेको थियो। घरको अगाडिको ढोकामा ठूलो आवाज आयो। उनी बिउँझिइन्। आफ्नो कोठामा शान्त रूपमा उभिइन्। अर्को कोठमा रहेको १२ वर्षीय भाइको बारेमा सोचिन्। उनले अभिभावकलाई ती मानिसहरूले बाहिर लगेको सुनिन्। बीबीसीसँगको अन्तर्वार्तामा उनले त्यस रातको घटनाबारे सुनाएकी छन्। त्यसपछि गोली चलेको सुनेको बताउँदै उनले भनिन्, "उनीहरूले उहाँहरूलाई मारे।"

**'डरलाग्दो त्यो रात'**

नूरिया अफगानिस्तानको अस्थिर भागमा पर्ने सानो गाउँमा हुर्किइन्। उनी विस्तारै बोल्ने लजालु स्वभावकी थिइन्। तर बन्दुक चलाउन र निसाना सही ठाउँमा लगाउन आउँथ्यो। सानै छँदादेखि उनलाई बुवाले आत्मरक्षाको तालिम दिएका थिए। त्यस रात लुक्न छाडेर नूरियाले बुवाको बन्दुक एके(४७ समातिन्। बाहिर रहेका मानिसहरूमाथि गोली हानिन्। उनका भनाइमा गोली नसकिँदासम्म उनले बन्दुक चलाइरहिन्। अनि ती मानिसहरू त्यहाँ पुगेको करिब एक घन्टापछि अँध्यारोमै फर्किए। घर बाहिर पाँचवटा शव छरिएका थिए। ती उनका आमा, बुवा, एक नातेदार छिमेकी वृद्ध र अन्य दुई "आक्रमणकारी"का शव थिए।

**'पतिले खल्तीबाट चक्कु निकालेर मेरो नाक काटिदिए...'**

'डाक्टरलाई नाम भनेकै निहुँमा पतिले मलाई कुटे' "त्यो डरलाग्दो थियो," उनी भन्छिन्, "उनीहरू निकै क्रूर थिए। मेरो बुवा अपाङ्गता भएको व्यक्ति हुनुहुन्थ्यो, आमा निर्दोष। तर उनीहरूले मारिदिए।" नूरियाजस्ता अफगानिस्तानमा हुर्किएका किशोरीहरूलाई युद्धबाहेक अरू केही थाहा छैन। त्यहाँ सरकार पक्षीय फौज र तालिबानबीच द्वन्द्व भएको २५ वर्षभन्दा धेरै भयो। तालिबान लडाकुहरूका साना समूहले उनको ग्रामीण प्रान्त घोरमा सरकार समर्थक फौजको क्षेत्रमा आक्रमण गर्नु असामान्य घटना होइन। नूरिया र उनका सुरक्षा अधिकृत पनि रहेका सौतेनी दाजु आफ्ना बुवा आदिवासी अगुवा र सरकार पक्षीय समुदायका नेता भएकाले उनी विद्रोहीको निसानामा रहेको बताउँछन्। तर उक्त घटना भएको तीन हप्तापछि यसमा जोडिएका नूरिया, उनका दाजु, आक्रमणकारी भनिएका मृतकका परिवारका सदस्य, स्थानीय प्रहरी, स्थानीय अगुवा, तालिबानका प्रतिनिधि र अफगान सरकारको धारणाले घटनाबारे फरकफरक दृश्य देखाउँछ।

बीबीसीलाई कतिपयले बताएअनुसार त्यस रातका एक सशस्त्र आक्रमणकारी पति थिए र तालिबान लडाकुलाई परास्त गर्ने किशोरीको कथा वास्तवमा एउटा पारिवारिक विवाद थियो। परस्परविरोधी धारणाहरूले नूरियामाथि भएको वास्तविकता अन्त्य गरिदिने खतरा छ। सबै पक्ष त्यस बिहान सबेरै त्यस गाउँमा आक्रमण भएकोमा एकमत छन्। नूरियाका अनुसार अज्ञात मानिसहरूले आफूलाई तालिबानले भन्ने गरेको 'मुजाहिद्दीन' लडाकु भएको र उनको बुवालाई लक्षित गरेर त्यहाँ पुगेको बताएका थिए। तालिबानले किशोरीसँगको उक्त झडपमा आफ्नो संलग्नता अस्वीकार गरेको छ। तर त्यही रात त्यस गाउँमा प्रहरी जाँच केन्द्रलाई निसाना बनाएको पुष्टि गर्दै तालिबानले त्यहाँ दुई आफ्ना सदस्य घाइते भएको तर नमारिएको बताएको छ। अफगान सरकार र स्थानीय अधिकारीहरूले तालिबान आक्रमणमाथि ठूलो विजय प्राप्त गरेको भन्दै नूरियालाई 'एक वास्तविक नायिका' भनेका छन्। नूरिया र उनका भाइलाई सेनाको हेलिकप्टरबाट जिल्लाबाहिर सुरक्षित आवासमा स्थानान्तरण गरिएपछि सामाजिक सञ्जालमा किशोरीको आत्मरक्षाको निकै चर्चा भयो। बीबीसीले स्वतन्त्र रूपमा दुई मृतकको पहिचान पुष्टि गरेको छ। बीस वर्षआसपासका ती व्यक्तिहरूले परम्परागत अफगानी पोसाक लगाएका थिए। उनीहरूको कुर्ता रगतले लतपतिएको थियो। तालिबाननिकट सूत्रहरूले घाइते भएर भागेको भनेर प्रहरीले बताएका एक तालिबान कमान्डरले अहिले घाइते भएको स्वीकार गरेका छन्, तर उनी कहिले र कहाँ घाइते भएका हुन् भन्ने पुष्टि गरेनन्। तर स्थानीय तालिबान सूत्रहरूले पनि घटनामा उपस्थित एक व्यक्ति कैयौं वर्षअघि दक्षिणी अफगानिस्तानको हेलमन्ड प्रान्तको तालिबान संयन्त्रमा संलग्न रहेको पुष्टि गरेका छन्।



घटनाको एक हप्तापछि मारिने एक व्यक्ति अज्ञात लडाकु नभई नूरियाका पति भएको खबर आउन थाल्यो। परिवारका सदस्य र स्थानीय सूत्रहरूले बीबीसीलाई बताएअनुसार पारिवारिक विवादपछि बुवाले आफ्नो घर लगेका नूरियालाई घर फर्काउन उनका पति रहीम त्यहाँ पुगेका थिए। सूत्रहरूका भनाइमा उनका पति तालिबानको सम्पर्कमा पुगेका थिए र तालिबान लडाकुहरूसँगै त्यहाँ गएका थिए। मारिएका एक पुरुष नूरियाका पति थिए। तर नूरियाले आफ्नो विवाह भएको अस्वीकार गरेकी छन्। अरू मानिसहरूका अनुसार नूरिया दुई परिवारबीच विवाहका लागि 'मोखी' भनिने साटो गर्ने सम्झौताकी एक पात्र थिइन्।

रहीमले दोस्रो पत्नीको रूपमा नूरियासँग र नूरियाका बुवाले रहीमकी भतिजीलाई दोस्रो पत्नीको रूपमा विवाह गरेका थिए। तर उनीहरू सानै थिए। त्यसैले विवाहलाई आधिकारिता दिन उनीहरूले केही वर्ष पर्खिने सहमति थियो। तर अफगानिस्ताको ग्रामीण इलाकाका यस्ता कथाहरूको वास्तविकता पत्ता लगाउन सजिलो छैन। नूरियाको गाउँ अग्ला पहाडले घेरेको समथर भूभागमा छ। फोनमा कुरा गर्न मानिसहरूलाई नजिकैको पहाड चढ्नुपर्छ। रहीम नूरियाका पति थिए भन्ने पत्ता लगाउन बीबीसीले रहीमकी आमा शफिकासँग सम्पर्क गर्न सफल भयो। अफगानिस्तानको दक्षिणपश्चिम क्षेत्रको निमरुज प्रान्तमा उनी छोराकी पहिलो पत्नी र उनका दुई सन्तानसँगै बस्छिन्। फोनमा कुरा गर्दै शफिकाले रहीमले तीन वर्षअघि नूरियासँग र साटो गर्ने सहमतिअनुसार शफिकाकी नातिनी र रहीमकी भतिजीसँग नूरियाका बुवाले बिहे गरेको बताइन्।

तर दुई वर्षभन्दा कम समयमै रहीमले हेल्मन्डमा काम गरिरहेका बेला नूरियाका बुवा अप्रत्यासितत रूपमा गएर छोरीलाई लगेको र आफ्नी नयाँ पत्नीलाई छाडेर गएको शफिकाको भनाइ छ।शफिका भन्छिन्, "उनले साटोको सम्झौता भङ्ग गरिदिए।"

त्यस बेला विवाद मिलाउन आफूले गाउँका अगुवासँग सहयोग मागेको उनले बताइन्। तर आफूहरू गरिब भएकाले नूरियाका बुवालाई रोक्न नसकेको उनको कथन छ। उनले आक्रमण भएको रात आफ्नो छोरा नूरियाको घरमा गएको पुष्टि गरिन्, तर कसैको हत्या गर्ने उद्देश्य नरहेको उनको भनाइ छ। उनले भनिन्, "उनीहरू शक्तिशाली थिए, हामी गरिब। मेरो छोरा त्यहाँ आधा रातपछि भएको होइन, नूरियाका बुवाले बोलाएरै समस्या समाधान गर्न सम्बन्धविच्छेद आदि विषयमा छलफल गर्न साँझै गएको हो।"

**रहस्यमा वास्तविकता**

उनले आफ्नो छोरा तालिबान लडाकु भएको कुरा अस्वीकार गरिन्। तर रहीमले हेल्मन्डको यात्रा गरेको भनी उनले दिएको समय रहीमले नूरियालाई विवाह गर्नुअघि करिब दुई वर्ष हेल्मन्डमा आफ्नो संयन्त्रको सदस्य रहेको भनी तालिबान सूत्रहरूले दिएको समयसँग मेल खान्छ। शफिकाका भनाइमा रहीम तालिबान सदस्य नभई निर्माणको क्षेत्रमा काम गर्थे। उनी भन्छिन्, "आफ्नो जीवनमा कहिल्यै उसले बन्दुक छोएको पनि छैन। हामी गरिब छौँ, हाम्रो कुरा कसैले सुन्दैन।" 'अमेरिकाले धुइँपत्ताल खोज्थ्यो, तालिबान नेता ओमार अमेरिकी सैनिक इलाकानजिकै बस्थे'

के रुसी गुप्तचर निकायले अफगानिस्तानमा अमेरिकी सैनिकलाई मार्न इनाम दिएको हो शफिकाका अनुसार उनका अर्का छोरा प्रहरी अधिकृत थिए। तर उनको १२ वर्षअघि निमरुजमा आत्मघाती आक्रमणमा मृत्यु भएको थियो। अब उनको परिवारमा कमाउने पुरुष सदस्य कोही बाँकी रहेनन् ।

उनी एक अर्की अफगान महिला हुन् जो आफ्नो नियन्त्रणबाहिरको हिंसाको चक्रमा फस्न पुगेकी छन्। नूरियाको प्रान्तका स्थानीय प्रहरी, गाउँका कैयौं अगुवाहरू र केन्द्रीय सरकारका अधिकारीहरूले नूरिया र रहीमबीच विवाह नभएको कुरामा जोड दिएका छन्। उनीहरूका भनाइमा नूरियाको घरमा तालिबानको निर्धारित हमला थियो र स्पष्ट रूपमा उनका बुवा त्यसको निसानामा थिए। त्यस रात वास्तवमा के भएको थियो भन्ने निकै कम मानिसलाई थाहा छ। सम्भवत : नूरिया, उनका भाइ र बाँच्न सफल एक आक्रमणकारीलाई बाहेक कसैलाई थाहा नहुन पनि सक्छ। (सुरक्षाको निम्ति यसमा उल्लेख गरिएका सबै नाम परिवर्तन गरिएको छ।)

# यौन दुर्व्यवहारको आरोपमा गोरखा सैनिकलाई साढे दुई वर्ष कैद

लण्डन । बेलायती गोरखा सेनामा कार्यरत एक गोरखा सैनिकलाई आफ्नो साथीको छोरीलाई यौन दुर्व्यवहार गरेको आरोपमा अदालतले साढे दुई वर्ष जेल सजाय सुनाएको छ।

बेलायतको स्वीइन्डेन एडभर्टाइज नामक पत्रिकाले ४४ वर्षीय विनोद राईलाई ब्रिस्टोल क्राउन कोटले सजाय सुनाएको उल्लेख गरेको छ। राईले आफ्नो साथीको छोरीलाई यौन दुर्व्यवहार गरेको आरोपलाई अदालतसमक्ष स्वीकारेका भने थिएनन् । गत वर्षको १९ जुलाइमा आफ्ना बच्चाहरू स्थानीय रेल स्टेशनबाट घर ल्याउने क्रममा उनीहरूसँगै १३ वर्षभन्दा सानो उमेर मात्र उल्लेख गरिएकी ती बालिकालाई पनि साथमा ल्याएका थिए।

आफ्ना बच्चाहरू घरमा ल्याएर छाडेपछि राई आफ्नो सिटबाट उठेर कहिलेकाहीँ मात्र खोलिने गाडीको ढोका खोलेर बालिकालाई गाडीको सिटमा ढल्केर बस्न भनी उनको वक्षस्थल छोएको उल्लेख छ। बालिकाका अभिभावकले राईसँगै आफ्नो बच्चालाई घरमा ल्याइदिन अनुमतिसमेत नदिएका बताएका छन् । घटना योजनाबद्ध नभए पनि राईले गरेको काममा खराब नियत देखिएको न्यायाधीशले उल्लेख गर्नुभएको छ । राईको यस घटनाअघि चरित्रमा राम्रो रहेको र देशका लागि काम गरे पनि अब यसले गर्दा उनले आफ्नो पद र बस्दै आएको घर गुमेको छ ।रासस

# साँखुमा १५ कोरोना भाइरस सङ्क्रमित

काठमाण्डु । शङ्करापुर नगपालिका साँखुमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या १५ पुगेको छ। उपत्यका विभिन्न ठाउँमा सङ्क्रमितको सङ्ख्या बढेसँगै शङ्करापुरमा पनि कोरोना भाइरसबाट सङ्क्रमित हुनेको सङ्ख्या बढ्दो रुपमा छ।

सङ्क्रमितहरुको होम आइसोलेसन र सुस्मा कोइराला मेमोरियल अस्पताल साँखुमा उपचार भैरहेको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख विष्णुप्रसाद चापागाईंले जानकारी दिनुभयो। यो साता नगरपालिकामा २६२ जनाको पिसिआर परीक्षण गरेको बताउँदै चापागाईंले सङ्क्रमितको सम्पर्कमा रहेका व्यक्तिको कन्ट्र्याक ट्रेसिङसमेत भइरहेको जानकारी दिनुभयो।

नगरपालिकाले सङ्क्रमितहरुको उपचारको लागि स्वास्थ्य शाखाको संयोजनमा सुस्मा कोइराला अस्पताल र पिपुल्स लाइफ केयर अस्पतालसँग सहकार्य गर्दै आइरहेको छ। नगरपालिकासँगको सहकार्यमा स्वास्थ्यकर्मी नियमित उपचारमा खटिरहनुभएका प्रमुख चापागाईंले बताउनुभयो।

सङ्क्रमितको सङ्ख्या बढेसँगै नगरपालिकाले सेमिलकडाउनको घोषणा गर्दै सवारीसाधन आवतजावत र अनावश्यक हिडँडुल गर्न कडाइ गर्दै आएको छ ।रासस

# सशस्त्र प्रहरीका ४२ जनामा कोरोना सङ्क्रमण

चितवन । राप्ती नगरपालिकाको भण्डारामा रहेको सशस्त्र प्रहरी बल नं ३ गढीमाई बाहिनी वाग्मती प्रदेशका ४२ प्रहरीमा एकै साथ कोरोना सङ्क्रमण देखिएको छ। उनीहरूमध्ये दुई महिला र ४० पुरुष रहेको भरतपुर कोभिड-१९ प्रयोगशालाले जानकारी दिएको छ।

यसअघि सोही बाहिनीका आठ जनामा कोरोना सङ्क्रमण देखिएपछि अन्यको परीक्षण गरिएको बाहिनी प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक मन्दिप श्रेष्ठले जानकारी दिनुभयो। साठ्ठी जनाको नमूना सङ्कलन गरी पठाइएकामा ४२ जनामा सङ्क्रमण देखिएको जानकारी आफूले प्राप्त गरेको उहाँले बताउनुभयो। नौ जनालाई ज्वरो आएकामा निको हुँदै गएर सोमबार साँझ एक जनालाई मात्र ज्वरो बाँकी रहेको उहाँले जानकारी दिनुभयो । बाहिनीमा ३०० भन्दा बढी सशस्त्र प्रहरी रहेका छन्। यो बाहिनीले वाग्मती प्रदेशको राजधानीका तीन जिल्लाबाहेकका जिल्ला हेर्ने गर्दछ। दुई दिनअघि पूर्वी चितवनका नगरप्रमुखहरूको बैठकले सो बाहिनी उच्च जोखिममा रहेको भन्दै त्यहीँ आइसोलेसन निर्माण गर्न वाग्मती प्रदेशलाई अनुरोध गर्ने निर्णय गरेको थियो।

राप्ती नगरप्रमुख प्रभा बरालले सङ्क्रमण देखिएपछि सशस्त्र प्रहरी सबै बाहिनीभित्रै रहेकाले बाहिर सङ्क्रमण फैलन नपाएको अनुमान गरिएको बताउनुभयो ।रासस

# चितवनमा कोरोनाको स्रोत : बाहिरी बिरामी र कामदार

चितवन । शिक्षा, स्वास्थ्य र रोजगारीका पूर्वाधार तथा संरचना प्राप्त शहरलाई मानिसले सुगम, सहुलियत र सुविधाका रुपमा लिन्छन् । तर जिल्लामा प्राप्त यही सुविधा यतिखेर चितवनलाई भने टाउको दुखाई बनेको छ । चितवनमा स्वास्थ्य उपचार सुविधा र रोजगारीका कारण बाहिरी जिल्लाबाट आउने बिरामी र कामदारबाट कोरोना भाइरस (कोभिड १९) भित्रिएको पाइएको विश्लेषण गरिएको छ।

जिल्लामा रहेका दुई ठूला सरकारी अस्पताल, दुई मेडिकल कलेज, सुविधा सम्पन्न आँखा अस्पताल र दुई दर्जन जति निजी अस्पतालमा आउने खुलेको घोषणा गरेलगत्तै प्रदेश नं २ का बिरामीले यहाँका अस्पताल भरिएको बताउनुहुन्छ । ती बिरामीहरु बिना परीक्षण आएसँगै सङ्क्रमण फैलिएको उहाँको अनुमान छ । उहाँले भन्नुभयो "मैले दिनमा १० जना बिरामी जाँच्दा चार जना प्रदेश नं. २ का छन् ।" यसरी आउने अन्य रोगका बिरामीमा पनि कोरोना सङ्क्रमण देखिने गरेको उहाँले बताउनुभयो।

यससँगै उद्योग, कलकारखाना, कृषि र निर्माण क्षेत्रमा काम गर्न ल्याइएका मजदुर पनि कोरोना सङ्क्रमणको अर्को कारण बनेको उहाँ बताउनुहुन्छ। लकडाउन सकिएसँगै अब कोरोना हट्यो भन्ने मानसिकताले स्वास्थ्य एउटा एम्बुलेन्स र पूर्वी चितवनसम्म अर्को हुँदै अस्पताल आउँदा तीन/चार वटासम्म एम्बुलेन्स फेरेर आएको उहाँ बताउनुहुन्छ। यसरी एम्बुलेन्स फेर्दा समेत जोखिम बढी हुने गरेको उहाँको भनाई छ।

चिकित्सक स्वास्थ्यकर्मीले पिपिई लगाएर काम गर्नै नसकेको न्यौपाने बताउनुहुन्छ । उहाँले भन्नुभयो "सबै ठाउँमा एसी नहुने हुँदा चितवन जस्तो गर्मी ठाउँमा पिपिई लगाएर काम गर्न नसकिने अवस्था छ ।" मास्कसमेत लगाउने बानी नभएको भन्दै उहाँले बेलाबेलामा मास्क खोल्ने र हातले छुने गर्दा पनि जोखिम उच्च भएको उहाँले बताउनुभयो।

भरतपुर अस्पताल आएका कामदार र विदेशबाट आएका नेपालीले समुदायमा कोरोना फैलाएको बताउनुहुन्छ । लकडाउनको समयमा आएकाहरु क्वारेन्टिनमा बसेको भए पनि पछि आउनेहरु आफ्नो सुरमा हिँडडुल गर्ने गरेकाले समस्या भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो "लकडाउन खुकुलो भएपछि को आयो कता गयो पत्तो भएन, क्वारेन्टाइनमा पनि बसेन, कसैलाई मतलव पनि भएन।"

उहाँले जिल्लामा कोरोना चौथो चरणमा पुगेको र 'हाइ ट्रान्समिसन' हुने अवस्था आएको बताउनुभयो । उहाँले थप्नुभयो "लकडाउनलाई अझै केही समय कायम नगर्ने हो भने कोरोनाले प्राकृतिक कोर्ष पूरा गर्ने र त्यसले क्षति ठूलो गराउने छ।" यसबाट ६० प्रतिशत जनसङ्ख्या प्रभावित हुने आँकलन गरिएको पनि उहाँले बताउनुभयो। यहाँको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा देशका विभिन्न क्षेत्र हुँदै भारतीयहरु पनि उपचारका लागि आउने गर्दछन्।




बिरामीका साथै कृषि, उद्योग र निर्माण क्षेत्रमा काम गर्न आउने कामदारबाट अहिले जिल्लामा कोरोना सङ्क्रमण बढेको आँकलन गरिएको छ। बाहिरबाट आउने कामदारहरु परीक्षण नगरी आउने र यहाँ आएपछि पनि क्वारेन्टिनमा नबस्दा समस्या बढेको चिकित्सक नै बताउँछन्।

अस्पतालहरुमा पर्याप्त सुरक्षा सावधानी अपनाउन नसक्दा पनि सङ्क्रमण बढेको पाइएको छ। जिल्लाको कोरोना उपचारको केन्द्र अस्पताल भरतपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्टसहित सात जना चिकित्सक तथा स्वास्थ्यकर्मी सङ्क्रमित भएका छन् । त्यस्तै रत्ननगर बकुलहर अस्पतालका मेडिकल सुपरिटेण्डेण्टसहित स्वास्थ्यकर्मीहरु पनि सङ्क्रमित छन् । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालसहित जिल्लाका निजी अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मी पनि सङ्क्रमित भएको पाइएको छ।

भरतपुर अस्पताल विकास समितिका अध्यक्ष डा भोजराज अधिकारी सरकारले लकडाउन सावधानी अपनाउन नसक्दा समस्या झन् जटिल बनेको अधिकारी बताउनुहुन्छ । पहिले परीक्षण कम गर्दा नदेखिएको भए पनि परीक्षण बढाएसँगै सङ्ख्या बढ्दै गएको उहाँको तर्क छ।

अस्पतालहरुले स्वास्थ्यकर्मी चिकित्सकलाई सुरक्षाका लागि सामग्री दिएको भए पनि पर्याप्त हुन नसक्दा पनि समस्या आएको उहाँको बुझाई छ । उहाँले भन्नुभयो "सुरक्षा सामग्री त दिएका छौँ तर विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार चल्न सकिएको छैन।"चितवन मेडिकल कलेजका अध्यक्ष एवं प्रबन्ध निर्देशक प्रा.डा.हरिश्चन्द्र न्यौपाने ढाँटेर भारतदेखिका बिरामी यहाँ आउने गरेको बताउनुहुन्छ। उहाँले भन्नुभयो "गम्भीर अवस्थामा आएका एक बिरामीले माडीको ठेगाना लेखेकोमा मृत्यु भएपछि भारतबाट आएको भन्दै पिसिआर रिपोर्ट मागे ।" वीरगञ्ज क्षेत्रमा कोरोना बढेसँगै उपचार नपाएर त्यस क्षेत्रका बिरामी यहाँका अस्पताल आएसँगै सङ्क्रमण बढ्दै गएको न्यौपानेले बताउनुभयो । वीरगञ्जतिरबाट आएका बिरामीले हेटौंडासम्म विकास समितिका पूर्वअध्यक्ष समेत रहनुभएका प्रदेश सभा सदस्य विजय सुवेदी रोग नियन्त्रणका लागि योजनाबद्ध किसिमले काम गर्न नसकिएका कारण समस्या भएको बताउनुहुन्छ । उहाँले भन्नुभयो "समग्र जिल्लाको रोग निधानका लागि व्यवस्थित योजना भएन। उपचार छ्यासमिस भयो।"

कोरोनाका सङ्क्रमित र अन्य बिरामी एकै ठाउँमा उपचार गर्दा पनि समस्या भएको उहाँको ठम्याई छ । स्वाब सङ्कलनका लागि पनि अस्पताल नै जानुपर्ने हुँदा त्यो पनि थप जोखिम भएको उहाँको भनाइ छ। अगुवाहरुले नै स्वास्थ्य सावधानी नअपनाउदा समुदायमा सकारात्मक सन्देश नदिएको उहाँको भनाई छ। लामो लकडाउनपछि स्वास्थ्य सावधानी अपनाउन सकेको भए यो अवस्था नआउने सुवेदी बताउनुहुन्छ । समयमै योजनाबद्ध रुपमा काम गर्न नसकेमा अन्य बिरामीले उपचार नपाउने अवस्था सिर्जना हुने उहाँको भनाई छ।

स्वास्थ्य कार्यालय चितवनका प्रमुख दीपकबाबु तिवारी लकडाउन खुकुलो भएसँगै कृषि र उद्योग क्षेत्रमा

अधिकांश बिरामी सीमावर्ती जिल्लाका हुने गरेका छन्। दैनिक ५०/६० वटा एम्बुलेन्स बिरामी बोकेर आउने गर्दछन् । यसरी बिरामीको आवतजावत बढी हुँदा कोरोना सङ्क्रमण फैलिएको अस्पतालका कार्यकारी निर्देशक डा.देजकुमार गौतम बताउनुहुन्छ।

सो अस्पतालमा कार्यरत सात जना स्टाफनर्स र तीन जना सरसफाइका कर्मचारीमा कोरोना सङ्क्रमण देखिएको छ। अस्पतालको अत्यावश्यक बाहेक अन्य सेवा बन्द गरिएको छ।

गौतम परीक्षण बिना सङ्क्रमित क्षेत्रका बिरामी धेरै आउँदा रोग फैलिएको बताउनुहुन्छ । सङ्क्रमण फैलन नपाओस् भन्नका लागि स्थानीय प्रशासन पहिलेदेखि नै चनाखो नबनेको भने होइन।

तर लकडाउन खुलेसँगै स्थानीय प्रशासनको निर्देशन अवज्ञा भएका कारण अहिलेको अवस्था सिर्जना भएको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराई बताउनुहुन्छ। प्रशासनले जे आँकलन गऱ्यो त्यही अवस्था हुँदै आएको भन्दै उहाँले अटेर गरेकै कारण समस्या उत्पन्न भएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "प्रशासनले पटक पटक निर्देशन जारी गऱ्यो, तर त्यसको पालना भएन ।" उद्योग, कलकारखाना, कृषि, निर्माणमा काम गर्न आएका मजदुरले पुऱ्याउनु पर्ने सावधानी नपुऱ्याउँदा ठूलो समस्या आएको उहाँ बताउनुहुन्छ। रासस

# प्राधिकरणले चार वर्षअघि नै दिएको थियो

# सिन्धुपाल्चोकका ७१ स्थान जोखिममा रहेको प्रतिवेदन

काठमाण्डु । राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले विभिन्न निकायसँगको समन्वयमा चार वर्षअघि सिन्धुपाल्चोकका २४२ ठाउँको भौगर्भिक अध्ययन गरेकामा ७१ स्थान जोखिममा रहेको प्रतिवेदन दिएको थियो । त्यसमा ७५ स्थान सुरक्षित, ९६ स्थान संरक्षण गरेर बस्न सकिने र ७१ स्थान जोखिममा रहेको प्रतिवेदन दिइएको प्राधिकरणका भूगर्भविद् लेखप्रसाद भट्टले सोमबार वर्षातका बेला सिन्धुपाल्चोकमा देखिएको विपद्बारे प्राधिकरणमा आयोजित छलफल कार्यक्रममा जानकारी दिनुभयो।




पहिले गरिएको अध्ययनले जुगल गाउँपालिकाको लिदीका माथिल्लो क्षेत्रमा नभई तल्लो क्षेत्रमा समस्या देखाएको जानकारी दिनुहुँदै उहाँले बेलाबेलामा जोखिमका क्षेत्र बदलिन सक्ने बताउनुभयो। विसं २०७४ मा गरिएको अध्ययनले जुगल गाउँपालिकाको लिदीलाई संरक्षण गरेर बस्न सकिने देखाएको थियो।

जिल्ला समन्वय समिति सिन्धुपाल्चोकका प्रमुख कृष्णगोपाल तामाङले पहिरोबाट पुगेको क्षतिका सम्बन्धमा साझा धारणा बनाएर समस्या समाधान गर्दै पुनःनिर्माणमा लाग्नुपर्ने बताउनुभयो । त्यसका लागि सङ्घीय संसद्का सभामुख, सांसद, स्थानीय तहका जनप्रतिनिधिलगायतसँग छलफल गर्न लागेको उहाँले जानकारी दिनुभयो।


सिन्धुपाल्चोकका १२ वटै स्थानीय तहको भौगर्भिक अध्ययन गरी अन्यन्तै जोखिमपूर्ण देखिएका क्षेत्रका जनतालाई स्थानान्तरणको व्यवस्था मिलाउन आवश्यक भएको छ । समन्वय समितिका प्रमुख तामाङले अध्ययनबाट सुरक्षाका हिसाबले बस्न उपयुक्त नदेखिएका स्थानका जनतालाई विश्वासमा लिएर वैकल्पिक व्यवस्था मिलाउनुपर्ने बताउनुभयो।

"जमिनसँग मानिसको जीवन जोडिएको हुन्छ, कतिपयले पुर्खाको थातथलो छोड्न हुँदैन पनि भन्न सक्नुहुन्छ, जोखिममा भएका जनतालाई बुझाएर स्थानान्तरण हुन प्रेरित गर्नुपर्छ", उहाँले भन्नुभयो।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले सिन्धुपाल्चोकबारे विगतमा गरिएका अध्ययनको समीक्षा गर्नुका साथै नयाँ अध्ययन गर्न विभिन्न निकायसँग समन्वय गरी प्राधिकरणले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। विगतमा भएका अध्ययनको समीक्षाको काम शुरु गर्न प्राधिकरणका विज्ञ तथा कर्मचारीलाई उहाँले निर्देशन दिनुभयो । स्थानीय तह, प्रदेश र केन्द्रले गर्ने कामलाई स्पष्ट गरेर अघि बढ्दा समस्या समाधानमा थप सहज हुने प्रमुख कार्यकारी अधिकृत ज्ञवालीको भनाइ थियो।

जिल्ला समन्वय समितिले आगामी बिहीबार स्थानीय तहका जनप्रतिनिधिलगायतसँग छलफल गर्दैछ। सोही कार्यक्रममा प्राधिकरणको विज्ञ टोलीले सिन्धुपाल्चोकमा कुन-कुन क्षेत्रमा जोखिम छ भनेर विवरण प्रस्तुत गर्ने जनाइएको छ । प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले जनप्रतिनिधिबाट आएका सुझावलाई समेत ध्यानमा राखी थप अध्ययन गर्न प्राधिकरणले सहयोग गर्ने बताउनुभयो ।रासस

# चितवनमा निजी खर्चमा पिसिआर परीक्षण शुरु



चितवन । सरकारी प्रयोगशालामा मात्र पिसिआर परीक्षण हुँदै आएकामा आजदेखि निजी खर्चमा जिल्लावासीले कोरोना भाइरस सङ्क्रमणको परीक्षण गर्न पाउने भएका छन् । यहाँको चितवन मेडिकल कलेजले अनुमति पाएसँगै जिल्लामा निजी खर्चमा सर्वसाधारणको पिसिआर परीक्षण गर्न शुरु गरेको छ।

कलेजका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटाका अनुसार पहिलो दिन आज अस्पतालका स्वास्थ्यकर्मी र कर्मचारीको नमूना जाँच शुरु गरिएको छ भने अन्य सर्वसाधारणको पनि आजदेखि नै परीक्षण गर्न शुरु गरिने छ । यहाँ गरिएको पहिलो परीक्षणको नतिजा पुनः परीक्षणका लागि भरतपुर अस्पताल कोभिड-१९ प्रयोगशालामा पठाइने उहाँले जानकारी दिनुभयो।

कलेजका अध्यक्ष एवं प्रबन्ध निर्देशक प्राडा हरिशचन्द्र न्यौपानेका अनुसार सरकारले तोकेको एउटा नमूनाको रु पाँच हजार ५०० मा १० प्रतिशत थप गरी शुल्क लिइनेछ । नमूना परीक्षणका लागि रु छ हजार ५० लिइने उहाँले जानकारी दिनुभयो।

कलेजले भित्र्याएको पिसिआर उच्चस्तरको हो। छ घण्टामा ४०० जनाको नमूना परीक्षण गर्न सकिने न्यौपानेको भनाइ छ । कलेजमा पिसिआर परीक्षण गर्नसक्ने आठ जना प्राविधिक रहेका छन्। दैनिक १८ घण्टा सञ्चालन गर्दा एक हजार २०० को स्वाब परीक्षण गर्न सकिनेछ । कलेजले जडान गरेको पिसिआर उपकरण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुको जस्तै हो।

प्रयोगशाला निर्माणमा रु पाँच करोड ४० लाख खर्च भइसकेको कलेजले जनाएको छ । भरतपुर अस्पतालको प्रयोगशालामा मन्त्रालयको निर्देशिकाबाहेककाले परीक्षण गर्न नपाउने भएपछि आफैं शुल्क तिरेर परीक्षण गर्न चाहनेले अवसर पाएका थिएनन्। निजी स्तरबाट प्रयोगशाला सञ्चालनमा आएसँगै पैसा तिरेर परीक्षण गर्ने अवसर पाउने भएका हुन्। जिल्लामा दैनिक कोरोना सङ्क्रमण बढ्दै गएको छ ।रासस

# प्रदेश सरकारलाई भेन्टिलेटर हस्तान्तरण

विराटनगर । प्रदेश नं १ सरकारलाई चौधरी ग्रुपअन्तर्गतको सामाजिक संस्था चौधरी फाउण्डेसनले आज यहाँ पोर्टेवल भेन्टिलेटर हस्तान्तरण गरेको छ।

सामाजिक विकास मन्त्री जीवन घिमिरेलाई चौधरी ग्रुपका वरिष्ठ प्रबन्धक रामजी कटुवालले एक थान पोर्टेवल भेन्टिलेटर हस्तान्तरण गर्नुभयो।

त्यस अवसरमा मन्त्री घिमिरेले कोशी अस्पताल (कोभिड-१९) उपचार केन्द्र विराटनगर र विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा साधन सम्पन्न गरी लक्षण देखिएका बिरामीको उपचार गरिने तथा अन्यको स्थानीयस्तरकै आइसोलेसनमा राख्ने व्यवस्थापन मिलाइएको बताउनुभयो । उहाँले सङ्क्रमण भएको स्थानमा लक्षित समूहको पिसीआर परीक्षण गर्नेगरी प्राथमिकता निर्धारण गरिएको उल्लेख गर्नुभयो।

मन्त्री घिमिरेले कोभिड-१९ नियन्त्रण सरकारबाट मात्रै सम्भव नभएकाले सबैको सहाकार्यबाट नै यसको रोकथाम गर्न सकिनेछ भन्नुभयो।

चौधरी फाउण्डेसनका प्रबन्धक कट्वालले देशभरि आठ वटा पोर्टेवल भेन्टिलेटर हस्तान्तरण गर्ने योजना रहेको जानकारी दिँदै फाउण्डेसनले आगामी दिनमा स्वास्थ्य उपचारका लागि आवश्यक स्वास्थ्य सामग्री प्रदान गर्ने बताउनुभयो ।रासस


## बटेश्वर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बटेश्वर, धनुषा

## मौजुदा सुची दर्ता गराउने बारेको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/५/३**

यस गाउँपालिकाको कार्यालयको लागि आ.व. २०७७/०७८ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा भएको कानुनी व्यवस्था बमोजिम तपसिलकाो कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७६/०७७ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २ (क) बमोजिमको ढाचामाा निवेदन दिन हुन र आ.व. २०७६/०७७ मा यस कार्यालयमाा सुचीकृत दर्ता गरेका तथा आ.व. २०७७/०७८ मा समेत अद्यावधिक गर्न चाहने व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७७/०७८ को व्यवसाय नविकरण भएको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमाा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिन हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य,
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर, फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रीकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा,
५. कुरियर सेवा,
६. प्रशासनीक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपूर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा,
७. फलफुल, विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य,
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणहरु,
९. खाजा, खाना, चिया, पानी आदि,
१०. विज्ञापन प्रकाशन सम्बन्धी,
११. विभिन्न प्रविधिक विषयको सेवा आपूर्ति, सर्वे, डिजाइन आदि,
१२. इन्टरनेट सेवा,
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम,
१४. इन्धन आपूर्ति गर्ने काम।

**प्रमुख प्रशासकीय अधिकृत**

# डेमोक्र्याटिक पार्टीको अधिवेशन शुरु, सबै नेताको भर्चुअल सम्बोधन

**एएफपी**

एटलान्टा । संयुक्तराज्य अमेरिकाको डेमोक्र्याटिक पार्टीको चारदिने अधिवेशन शुरु भएको छ। कोरोनाभाइरस महामारीबीच शुरु भएको यस अधिवेशनका सबै प्रमुख वक्ताले भर्चुअल सम्बोधन गर्नु हुनेछ । यस अधिवेशनले डेमोक्र्याटिक पार्टीका तर्फबाट राष्ट्रपति पदका उम्मेदवार जो बाइडेनलाई औपचारिक उम्मेदवार बनाउनेछ । बाइडेनले सम्मेलनको अन्तिम दिन आगामी बिहीबार आफ्नो गृहराज्य डेलावेयरबाट भर्चुअल सम्बोधन गर्नु हुनेछ । विगतमा प्राइमरी चुनावबाट विजयी प्रतिनिधि, पार्टी समर्थक र पार्टीका विशिष्ट व्यक्तिको बाक्लो उपस्थितिबीच निकै तडकभडकका साथ हुने अधिवेशन यसपटक खल्लो छ।

मिल्वाकीको सिटी सेन्टरलाई अधिवेशन स्थल तोकिए पनि त्यहाँ कोही पनि उपस्थित छैनन् । सम्मेलनको तेस्रो दिन अर्थात् बुधबार सम्मेलनले कमला ह्यारिसलाई उपराष्ट्रपति पदका लागि औपचारिक मनोनयन गर्नेछ । "हामी जनता (वी दी पिपल)" अमूर्त नाराका साथ शुरु भएको यस अधिवेशनमा नेताले पार्टीका नीतिमाथि बहस चलाउनेभन्दा राष्ट्रपति ट्रम्पका नीतिको आलोचना गर्ने सम्भावना बढी छ । अधिवेशनमा राष्ट्रपतिका उम्मेदवार जो बाइडेन, उहाँले उपराष्ट्रपतिमा मनोनयन गर्नुभएकी कमला ह्यारिस, डेमोक्र्याटिक पार्टीका तर्फबाट विगतमा राष्ट्रपति रहनुभएका बाराक ओबामा र उहाँकी पत्नी मिसेल ओबामा, पूर्वराष्ट्रपति बिल क्लिन्टन र हिलारी क्लिन्टन, राष्ट्रपतिको उम्मेदवार होडमा रहनुभएका बर्नी स्यान्डर्ससमेतका विशिष्ट व्यक्तिले सम्बोधन गर्नु हुनेछ।

सम्मेलन आयोजकका अनुसार बुधबार पूर्वराष्ट्रपति बाराक ओबामा, पूर्व विदेशमन्त्री हिलारी क्लिन्टन, सिनेटर एलिजाबेथ वारेनले सम्बोधन गर्नुहुनेछ भने त्यसअघि मंगलबार पूर्वराष्ट्रपति बिल क्लिन्टन र कंग्रेस सदस्य अलेक्जान्ड्रिया ओकासियो-कोर्टेजले सम्बोधन गर्दै हुनुहुन्छ।

अधिवेशनमा रेकर्डेड तर भावुक मुद्रामा सम्बोधन गर्दै पूर्व राष्ट्रपति बाराक ओबामाकी पत्नी मिसेल ओबामाले राष्ट्रपति ओबामाको कार्यशैली अमेरिकी जनता र अमेरिकाका लागि घातक रहेको आरोप लगाउनुभएको छ।




उहाँले विगतमा डोनाल्ड ट्रम्पलाई जिताएका मतदाताप्रति लक्षित गर्दै एउटा गल्तीका कारण आज हामीले त्यसको परिणाम भोगिरहेका छौं भन्नुभयो।

उहाँले हिलारी क्लिन्टनले सन् २०१६ मा ट्रम्पको भन्दा बढी लोकप्रिय मत प्राप्त गरेपनि पराजित हुनु परेकामा दुःख प्रकट गर्नुभयो। उहाँले भन्नुभयो, "डोनाल्ड ट्रम्प हाम्रो मुलुकका लागि गलत राष्ट्रपति हुन्। आफूलाई सही सावित गर्ने चार वर्ष पनि त्यतिकै खेर गइसके ।"मिसेलले डेमोक्र्याटिक पार्टीका तर्फबाट उम्मेदवार बन्नुभएका जो बाइडेन निकै भलादमी र योग्य रहनुभएको बताउनुभयो । उहाँले जो बाइडेनले मुलुकको अर्थतन्त्रलाई पुनरुत्थान गर्ने, कोरोना महामारीलाई परास्त गर्ने तथा आफ्नो मुलुकलाई सही नेतृत्व दिनसक्ने बताउनुभयो।

जो बाइडेनले उपराष्ट्रपति पदमा कमला ह्यारिसलाई मनोनयन गर्नुअघि नै मिसेल ओबामाको सम्बोधन रेकर्ड गरिएकाले ह्यारिसका बारेमा उहाँले केही भन्नु भएको छैन। राष्ट्रपति ट्रम्पका नीतिमाथि कडा शब्दमा आलोचना गर्नु भएकी मिसेलले भन्नुभयो, "देशभित्रका जल्दाबल्दा विषयमा मुलुकको सर्वोच्च निकायका प्रमुख ट्रम्पले सहानुभूति राख्नुपर्नेमा उल्टै अराजकता, विभाजन र घृणा फैलाएर अस्थिरता निम्त्याउनु भएको छ ।"उहाँले विगत चार वर्षका समयका बारेमा अमेरिकी बालबालिकालाई बताउन पनि मुश्किल छ भन्नुभयो। "उनीहरुले आफ्नो नेताले आफ्नै नागरिकलाई राज्यका दुश्मनका रुपमा व्यवहार गरेको देखेका छन्, र गोराहरुको आधिपत्यलाई जबर्जस्त रुपमा महिमामण्डन गरिएको छ।"

मिसेल ओबामाले रिपब्लीकन समर्थक र प्रगतिशील पक्षधरलाई जो बाइडेनको पक्षमा मत दिन अनुरोध गर्नु भएन, किनभने यी दुई काम रिपब्लीकन सिनेटर जोन कासिच र बर्नी स्यान्डर्सले गर्नु हुनेछ।

जोन कासिचले रेकर्ड गराएको भिडियो सम्बोधनमा यसपटक जो बाइडेनलाई जिताउन आग्रह गरिएको छ । उहाँले सन् २०१६ को प्राइमरी चुनावमा ट्रम्पसँगै राष्ट्रपतिको उम्मेदवारीका लागि रिपब्लीकन पार्टीभित्र संघर्ष गर्नु भएको थियो। कासिचले यसअघि नै जो बाइडेनलाई समर्थन गरिसक्नु भएको छ। उहाँले भन्नुभएको छ, "हाम्रो देशमा अहिले के भइरहेको छ भन्ने जगजाहेर छ, तर साँचो अर्थमा अहिले जे भइरहेको छ त्योभन्दा राम्रो गर्न सकिने प्रशस्त सम्भावना हाम्रा अघिल्तिर छ।"

जो बाइडेनसँग प्राइमरी चुनावमा भिड्नुभएका दक्षिणपन्थी प्रगतिशील मानिने भर्मन्टका सिनेटर बर्नी स्यान्डर्सले रेकर्ड गराउनुभएको सम्बोधनमा भनिएको छः हाम्रो लोकतन्त्रको भविष्य संकटको घडीमा छ। देश जलिरहेको अवस्थामा रोमका निरो बाँसुरी बजाइरहेका हुन्थे, अहिले ट्रम्प गल्फ खेलिरहेका छन् । यसैबीच, बिबिसीसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले रिपब्लीकन पार्टीका जोन कासिचको भनाईप्रति असन्तोष प्रकट गर्नु भएको छ । रिपब्लीकन पार्टीले पनि राष्ट्रपति डोनाल्ड ट्रम्पलाई राष्ट्रपति पदका लागि पुनः औपचारिक मनोनयन गर्न अर्को साता अधिवेशन गर्दैछ।

## फिलिपिन्समा भूकम्पको धक्का, घरमा क्षति

**एपी**

मनिला। मध्य फिलिपिन्समा मंगलबार शक्तिशाली भूकम्पको धक्का महशुस गरिएको छ। भूकम्पबाट घरहरुमा क्षति पुगेको छ भने मानिसहरु सुरक्षाका लागि भन्दै घरबाहिर निस्किएका छन्।

फिलिपिनी भूकम्प मापन केन्द्रका अनुसार उक्त भूकम्प करिब ६.६ म्याग्नीच्यूडको रहेको छ।

जमिनको सतहबाट करिब २१ किलोमिटर गहिराईमा आएको उक्त भूकम्पको केन्द्रविन्दु काटाइगान तटीय क्षेत्रनजिक रहेको थियो।

मास्बेट प्रान्तीय प्रशासक रिनो रिभालोले काटाइगानमा सडकहरुमा धाँजा फाटेको तथा घरहरुमा क्षति पुगेको प्रारम्भिक विवरण प्राप्त भएको जानकारी दिनुभयो।

उहाँले प्रभावित क्षेत्रहरुमा प्रहरी, सेना र अन्य उद्धारकर्मीहरु परिचालन भइसकेको पनि बताउनुभयो। उक्त भूकम्पको धक्का मध्य भिसायास क्षेत्रका विभिन्न प्रान्तमा अनुभव गरिएको थियो। प्रशान्त महासागरीय राष्ट्र फिलिपिन्स भूकम्पीय जोखिममा रहँदै आएको छ।

# सिंगापुरद्वारा पाँच अर्ब डलरभन्दा बढीको राहात प्याकेज घोषणा

**एएनआई**

सिंगापुर। सिंगापुरले कोरोना भाइरसका कारण ह्रास भएको अर्थतन्त्रमा सुधार ल्याउनका लागि भन्दै ५ अर्ब ८० करोड अमेरिकी डलर बराबरको राहात प्याकेजको घोषणा गरेको छ । सिंगापुरका प्रधानमन्त्रीले गत मार्च महिनाबाट नै सुरु गरेको सो प्याकेजबारेमा मंगलबार जानकारी दिइएको समाचारमा जनाइएको छ।



साउथ चाइना मर्निङ पोष्टले जनाएअनुसार सिंगापुरमा ह्रास भएको अर्थतन्त्रको सुधारका लागि भन्दै यहाँको सरकारले घोषणा गरेको यो आर्थिक प्याकेजको कार्यक्रम आगामी मार्च महिनासम्मका लागि भएको बताएको छ।

सिंगापुरका उपप्रधानमन्त्री तथा अर्थमन्त्री हङ स्वी कायतले यो आर्थिक प्याकेजले यहाँका कम्पनीहरुलाई आफ्ना आर्थिक क्रियाकलापकहरु गर्न तथा रोजगारमा असर परेका नागरिकलाई पुनः काममा बोलाउन पनि सहयोग पुग्न सक्ने अपेक्षा गरिएको बताउनुभयो । साउथ चाइना मर्निङ पोष्टले दिएको जानकारी अनुसार यहाँको पछिल्लो समयको बेरोजगार दरमा पनि बृद्धि भएको देखिएको छ।

यहाँ पछिल्लो महिना २.९ प्रतिशतमा बेरोजगार दर पुगेको छ। यो दर यसै वर्षको जनवरी देखि मार्चसम्मको भन्दा धेरै हो। त्यस अवधिमा यहाँको बेरोजगार दर २.४ प्रतिशत मात्र थियो । उपप्रधानमन्त्री कायतले सिंगापुर सरकारले यो राहातको कार्यक्रम मार्च महिनादेखि शुरु भएर आगामी वर्षको मार्च सम्मका लागि गरेको हो।

यस अवधिमा यहाँ आर्थिक क्रियाकलापकरुलाई चलायमान बनाउन र उद्योग तथा कारखानाहरुमा गुमेका रोजगारीहरु पनि पुनर्स्थापना गर्न देशका उद्योग सञ्चालकहरुले पनि यो कोषको उपयोग गर्न सक्नेछन्।

यो रकम यहाँको हवाई उड्डयनका साथै पर्यटन क्षेत्र र मजदुरहरुको ज्याला आदिका लागि पनि उपलब्ध गराइने उहाँले बताउनुभयो।

विश्वको अर्थतन्त्रमा कोरोना भाइरसको महामारीले असर गरेसँगै यसको प्रभाव सिंगापुरमा पनि परेको छ। यहाँको अर्थतन्त्रलाई ध्वस्त हुन नदिन सरकारले यो प्रस्ताव गरेको बताइएको छ।

# साउदी अरबद्वारा मस्जिदको उच्च भूमिकामा १० जना महिलालाई नियुक्त

**एएफपी**

रियाद । साउदी अरबले इस्लामको दुई सबैभन्दा पवित्र धार्मिक स्थलहरूहरूमा १० जना महिलालाई उच्च जिम्मेवारी दिएको छ। इस्लामिक राजतन्त्रात्मक मुलुकले पछिल्लो समय उसमाथि महिला अधिकारप्रति अनुदारवादी रहेको भन्ने भनाइ सही नभएको प्रमाणित गर्न महिला रोजगारी बढाउन खोजेको छ।



इस्लामिक राज्यमा धार्मिक संस्थाहरूमा वरिष्ठ पदमा महिलाहरूको नियुक्ति विरलै भएपनि राजकुमार मोहम्मद बिन सलमानले नेतृत्व गरेको व्यापक उदारीकरण अभियानले मक्का र मदिनामा महिलालाई जिम्मेवारी दिन थालेको देखिन्छ। मस्जिदका विभिन्न विभाग तथा प्रशासनिक र प्राविधिक जिम्मेवारीमा नियुक्तिबारे यी दुई पवित्र मस्जीदका उच्च अधिकारीद्वारा जारी गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

उक्त नियुक्ति 'उच्च योग्यता र क्षमतासहितको साउदी महिलाको सशक्तीकरण' का लागि गरिएको इस्लामिक अधिकारीले जनाएका छन्। उक्त मस्जीदहरूमा यस पहिले सन् २०१८ मा पनि विभिन्न ४१ महिलालाई जिम्मेवारी दिइएको थियो तर अहिलेका अधिकांश नियुक्ति त्योभन्दा उच्च पदका लागि अरबी सञ्चारमाध्यमहरूले जनाएका छन्।

राजकुमार मोहम्मदले आफ्नो 'भिजन २०३०' योजना अन्तर्गत महिला रोजगारी बढाउन खोजेका देखिन्छ।

उहाँले राज्यको अर्थतन्त्रमा विविधता ल्याउने र तेलमा मात्र निर्भर नहुने उद्देश्यसहित अघि बढ्न चाहेको बताउँदै आउनुभएको छ।

आधिकारिक तथ्याङ्कका अनुसार सन् २०१९ को तेस्रो त्रैमासिकमा सउदी अरबमा रोजगार महिलाको सङ्ख्या दश ३० हजार अर्थात् ३५ प्रतिशत पुगेको छ।

सन् २०१५मा यो सङ्ख्या आठ लाख १६ हजार रहेको थियो। राजकुमारका अन्य सुधारमा राज्यमा महिलालाई अब कार चलाउन अनुमति छ। सिनेमा घर फेरि खुलेका छन् र संगीतकार हरूलाई कन्सर्टसहित सार्वजनिक स्थानहरूमा महिलासँग भेटघाट गर्न अनुमति दिइएको छ । तर अभियानको आलोचना भने नभएको होइन।

सरकारको आलोचना गर्ने एक दर्जनभन्दा बढी महिला अधिकारकर्मीलाई पक्राउ गरी मुद्दा चलाएको छ । उनीहरूले सरकारी अधिकारीबाट हुने व्यापक धरपकडबीच पनि लामो समयदेखि गाडी चलाउने अधिकारको लागि अभियान चलाउँदै आएका थिए । केही अधिकारकर्मीले आफूहरूलाई यातना दिएर यौन उत्पीडन गरिएको आरोप लगाउने गरेका छन्।

## दक्षिण कोरियामा विदेशी कोभिड सङ्क्रमितले उपचार खर्च आँफै व्यहोर्नुपर्ने

**एएफपी**

सियोल। विदेशबाट दक्षिण कोरिया भित्रिएका कोभिड-१९ सङ्क्रमित तथा स्वदेशमा नै रहेका तर नियन्त्रणका उपायलाई उल्लङ्घन गर्ने विरामीले उपचार खर्च आफै व्यहोर्नुपर्ने भएको छ। कोरिया सरकारले सोमबारबाट लागु हुने गरी यो व्यवस्था गरेको हो।

स्वास्थ्य अधिकारीहरूका अनुसार कोरियाले विदेशबाट आएका कोभिड-१९ सङ्क्रमित बिरामीहरूलाई उनीहरूको मेडिकल सेवाको लागत भुक्तान गर्न अनुरोध गर्नेछ।

यही अगष्ट २४ देखि देशले कूटनीतिक सम्बन्धमा पारस्परिक सम्बन्धको सिद्धान्तलाई ध्यानमा राखेर विदेशीहरूलाई फरक रकम लगाउने दक्षिण कोरियाली अधिकारीहरूले बताएका छन्। अहिलेसम्म दक्षिण कोरियाले स्वदेशी तथा विदेशी सबै कोभिड-१९ विरामीहरुलाई निःशुल्क चिकित्सा सेवाहरु प्रदान गर्दै आएको थियो।

महामारी लामो समयसम्म अन्त्य नहुँदा करदाताहरुलाई थप भार पर्ने भन्दै सरकारले विदेशी बिरामीहरुलाई बोझ बाँड्न आह्वान गरेको हो। दक्षिण कोरिया यसको निःशुल्क शुल्कको उपचार नीति परिवर्तन गर्दा आउने कूटनीतिक समस्याबारे सचेत रहेको छ।

यद्यपि समुदायमा सङ्क्रमण नियन्त्रणका लागि अझै पनि भाइरस सङ्क्रमित विदेशीलाई आवश्यकता अनुसार केही वा सबै खर्चमा छुट दिने सरकारी अधिकारीहरूले बताएका छन्। दक्षिण कोरियामा विगत पाँच महिना यता आइतबार सङ्क्रमितको सङ्ख्या सबैभन्दा धेरै पुगेको छ। आइतबार सङ्क्रमितको सङ्ख्या २७९ पुगेको थियो भने यो सङ्ख्यामा सोमबार भने सामान्य कमी आउँदा थप १९७ सङ्क्रमित भएका छन्।

दक्षिण कोरियाको राष्ट्रिय रोग नियन्त्रण तथा रोकथाम केन्द्रका अनुसार अहिलेसम्म यहाँ कूल सङ्क्रमितको सङ्ख्या १५ हजार ५१५ पुगेको छ भने ३०५ सङ्क्रमितको मृत्यु भएको छ।

## सामाजिक सम्पर्क नै तनाव न्यूनीकरणको मुख्य उपाय : अध्ययन

**एएनआई**

वासिङ्टन। मानसिक तनावमा परेका व्यक्तिका लागि सामाजिक सम्पर्क अत्यन्त प्रभावकारी औषधि हुने एक अध्ययनले देखाएको छ।

अध्ययनकर्ताहरुले तनाव न्यूनीकरणका लागि सामाजिक सम्पर्कलाई बढाउनुपर्ने सुझावहरु उपयोगी हुने बताएका छन्। अध्ययनकर्ताहरुको टोलीले बनाएको प्रतिवेदन अमेरिकी जर्नलन अफ साईक्याष्ट्रीमा प्रकाशित भएको थियो। "मानसिक तनाव संसारभरी ठूलो समस्याको रुपमा रहेको छ, अपाङ्गताको मुख्य कारणको रुपमा मानसिक समस्या रहेको छ, तर यसको निवारणको प्रभावकारी उपाय अहिलेसम्म कसैले पत्ता लगाउन सकेको छैन," अध्ययनमा संलग्न कर्मेल चोइ (पिएचडी)ले भन्नुभयो। तनाब बढाउन सामाजिक अन्तरक्रिया, सञ्चार माध्यमको प्रयोग, सुत्ने तालिका, पोषण, शारीरिक गतिविधि र वातावरणीय अवस्था लगायतको भूमिकाका बारेमा पनि उनीहरुले अध्ययन गरेका थिए।

अहिले सामाजिक दूरी बढाउनुपर्ने परिस्थीति सिर्जना भएका बेला यसतर्फ थप ध्यान दिनुपर्ने विज्ञहरुले बताएका छन्। तनाव व्यवस्थापन र सामाजिक सम्पर्कको विषय अहिलेको अवस्थामा अझ बढी सान्दर्भिक र चासोको विषय भएको छ, एक अध्ययनकर्ताले भने।

एक्लै एक्लै बस्ने मानिसहरु मानसिक तनावको बढी जोखिममा रहने पनि अध्ययनले देखाएको उनीहरुले उल्लेख गरेका छन्।

## गएको २४ घन्टामा करिब नौ लाख परीक्षण गरियो : भारतीय स्वास्थ्य मन्त्रालय

**एएफपी**

नयाँ दिल्ली । भारतीय स्वास्थ्य मन्त्रालयले गएको २४ घन्टामा भारतभर गरेर करिब नौ लाख जनामा कोरोना भााइरसको परीक्षण गरिएको बताएको छ।

मन्त्रालयले भनेको छ- हामीले भारतभरमा गरेर गएको २४ घन्टामा कम्तीमा पनि ८ लाख ९७ हजार जनामा कोरोना भाइरसको परीक्षण गरिएको छ, जुन अहिलेसम्कै सबैभन्दा बढी हो।



सो संख्या पहिलेको तुलनामा बढाइएको पनि बताइएको छ । आफ्नो ट्वीट अकाउन्टमार्फत मन्त्रालयले सो जानकारी गराएको बताइएको ।

यसअघि हप्ताभरिको तुलना गर्दा बढीमा ८ लाख ८१ ह्जार जना औषतमा दैनिक रुपमा परीक्षण गर्ने गरिएको पनि मन्त्रालयले जानकारी गराएको छ।

यसरी बढीभन्दा बढी संख्यामा गरिएका परीक्षणहरुले यहाँका नागरिकहरुमा कोरोना भाइरससम्बन्धी पोजेटिभ केसहरु समयमै भेटिने र जसका कारण उनीहरुलाई समयमै आइसोलेसनमा बसाल्न सकिने मन्त्रालयको दाबी छ।

यसरी गरिएको परीक्षणबाट कोरोना भाइरसका संक्रमितहरु समयमै पत्ता लाग्ने भएकोले देशमा कारोना भाइरसको रोकथाम र नियन्त्रणमा सघाउ पुग्ने मन्त्रालयले बताएको छ।

भारतको केन्द्रीय सरकारले बढीभन्दा बढीको परीक्षण, समयमै संक्रमित पहिचान गरेर आइसोलेसनमा राख्ने र आवश्यक औषधीय प्रक्रियालाई समयमै सुरु गर्ने गरी रणनीति बनाएको मन्त्रालयको दाबी छ।

केन्द्र सरकारको यो रणनीतिले गर्दा नै भारतमा सङ्क्रमितहरुको संख्या र मृत्यु हुनेहरुको संख्या घटाउने काममा प्रगति पनि भएको सो मन्त्रालयले जनाएको समाचारमा उल्लेख गरिएको छ।

# क्यानडाका अर्थमन्त्रीद्वारा राजीनामा

**एएनआई**

टोरन्टो । क्यानडाका अर्थमन्त्री बिल मोर्नीले आफू निकटसम्बन्ध रहेको एक



सामाजिक संस्थालाई सरकारी कार्यक्रम दिलाउन भूमिका खेलेको आरोपमा छानबिन हुनथालेपछि राजीनामा दिनुभएको छ।

प्रधानमन्त्री जस्टिन ट्रुडोको छविमै आँच आउने अवस्था सिर्जना भएपछि उहाँले मन्त्री सहित साँसद पदबाट पनि राजीनामा दिनु भएको समाचारमा जनाइएको छ।

अहिलेमन्त्री मोर्नीका परिवारका सदस्यहरुसँग डब्लुई च्यारिटी नामको संस्थाको सम्बन्धमा अनुसन्धान शुरु भएको छ, र प्रारम्भिक विवरणमा च्यारिटीसँग सम्बन्ध रहेका प्रमाणहरु सार्वजनिक भएका छन्।

सरकारी अनुदानप्राप्त विद्यार्थी स्वयंसेवी कार्यक्रमका लागि डब्लुई च्यारिटीलाई ६७ करोड अमेरिकी डलरको एउटा कार्यक्रम संचालनको जिम्मेवारी दिइएको थियो।

मन्त्री मोर्नीले आफूले विभिन्न भ्रमणका क्रममा डब्लुई च्यारिटीबाट यातायात खर्च बुझेको स्वीकार गर्नु भएको छ।

उहाँले संवाददाताहरुलाई भन्नुभयो, "म क्यानडाको अर्थमन्त्री र सांसद पद दुबैबाट राजीनामा दिँदैछु।"

# जापानका प्रधानमन्त्री अस्पताल भर्ना

**एएनआई**

टोकियो । जापानका प्रधानमन्त्री सिन्जे आवे अस्पताल भर्ना हुनुभएको छ ।



उहाँ स्वास्थ्य परीक्षणका लागि अस्पताल भर्ना हुनुभएको प्रधानमन्त्री कार्यालयका अधिकारीहरुले जानकारी दिएका छन् । पूर्वअर्थमन्त्री अकिरा अमारीले एउटा टिभी कार्यक्रममा प्रधानमन्त्रीलाई आरामको आवश्यकता भएको बताएको भोलिपल्ट उहाँ अस्पताल जानुभएको हो। क्योदो समाचार संस्थाले उहाँ राजधानी टोकियोस्थित केइओ विश्वविद्यालय अस्पतालमा भर्ना हुनुभएको जनाएको छ। प्रधानमन्त्री आवेलाई अहिले तत्काल ख्याल नगरेमा पछि अरु ठूला समस्याहरु आउन सक्ने उहाँले चेतावनी दिनुभएको थियो।

तर उहाँकै कतिपय सहयोगी तथा मन्त्रीपरिषद्का सहयात्रीहरुले भने प्रधानमन्त्री आवेले राम्रोसँग काम गरिरहेकाले स्वास्थ्यमा समस्या भएजस्तो नभएको उल्लेख गरेका छन् । "उहाँले राम्रो काम गरिरहनु भएको छ, त्यसमा कुनै समस्या भएजस्तो लाग्दैन," सरकारको मन्त्रीपरिषद्का मुख्य सचिव योशिहिड सुगाले भन्नुभयो।

# पण्डित जसराजको दाहसंस्कार

**एएनआई**

न्यूजर्सी । शास्त्रीय संगीतका प्रखर व्यक्तित्व पण्डित जसराजको संयुक्तराज्य अमेरिकाको न्यूजर्सीस्थित हाइल्यान्ड पार्क फ्यूनेरल होममा ठूलो जनसमूहको उपस्थितिबीच सोमबार दाहसंस्कार गरिएको छ।

भारतीय शास्त्रीय गायक जसराजको न्यूजर्सीस्थित आफ्नै निवासमा मुटुमा समस्या आएर निधन भएको थियो। कोरोनाभाइरस नियन्त्रणका लागि भारतमा लकडाउन गरिएपछि उहाँ स्वदेश फर्कन पाउनु भएको थिएन।

उहाँ विगत छ महिनादेखि न्यूजर्सीको निजी गृहमा रहँदै आउनु भएको थियो।

# युरिया मलको अभाव यथावत



विराटनगर । यसवर्ष धान रोपाइँ गएका वर्षहरु भन्दा धेरै राम्रो भएपनि किसानले रासायनिक मल युरिया पाउन सकेको छैन । किसानले आफ्नो प्रयासमा भारतबाट युरिया मल ल्याउँदा सुनसरीका सीतागञ्ज शाखा नहरमा प्रहरीहरु बस्ने र उनीहरुले जबरजस्ती पैसा माग्ने गरेको स्थानीय अजित मियाँले जानकारी दिनुभयो ।

किसानले धानलाई पोषण दिने युरिया खेतमा हाल्न नपाउँदा उनीहरु दिनरात मलका लागि छटपटाइरहेका छन् । पूर्व क्षेत्रमा युरिया र डिएपी मल वितरण गर्ने साल्ट ट्रेडिङ र कृषि सामग्री कम्पनि लिमिटेड कार्यालय विराटनगरमा युरिया मल छैन । पूर्व क्षेत्रका लागि गएको वर्षमा १५ हजार मेट्रिक टन युरिया मल कृषि सामग्री कम्पनि लिमिटेड कार्यालय विराटनगरले किसानलाई उपलब्ध गराएको थियो ।

मोरङमा मात्रै नौ हजार ६०० मेट्रिकटन युरिया किसानलाई उलब्ध भएको थियो । अहिले किसानलाई युरिया मल चाहिएको छ तर मल छैन र आउने टुङ्गो पनि नरहेको कृषि सामग्री कम्पनि लिमिटेडका निमित्त कार्यालय प्रमुख नवरत्न सुवेदीले जानकारी दिनुभयो । यसैगरी, साल्ट ट्रेडिङ विराटनगरमा पनि युरिया मल नरहेको तर डिएपी मल तीन हजार ९०० मेट्रिकटन मौज्दात रहेको कार्यालय प्रमुख राधेश्याम चौधरीले जानकारी दिनुभयो । उहाँले साल्ट ट्रेडिङलाई भोलिसम्ममा पाँच हजार ६६० मेट्रिक टन प्राप्त हुने जानकारी पनि दिनुभयो ।

अहिले आउने युरिया मल साउनको २१ गतेभन्दा पहिले नै आइसक्नु पर्ने तर मल आउन सकेन, अहिले सो मल विराटनगर भन्सारसम्म आइसकेको सूचना प्राप्त भएकाले नै भोलि वा पर्सिसम्म सो परिमाणमा युरिया मल प्राप्त हुने प्रमुख चौधरीले जानकारी दिनुभयो । एक हेक्टर जग्गामा दुईदेखि तीन बोरा युरिया मल आवश्यक पर्ने कृषि विकास निर्देशनालयले जनाएको छ ।

पूर्व क्षेत्रको धान रोपाईंको हिसाब हेर्दा धान लगाउने क्षेत्रफल तीन लाख ४० हजार ८२९ हेक्टर जग्गामा हो भने यसवर्ष ९५ प्रतिशत रोपाईं भएको कृषि विकास निर्देशनालयले जनाएको छ ।

यस हिसाबले धानलाई मात्रै १० लाख २२ हजार ४८७ बोरा युरिया आवश्यक पर्ने देखिन्छ । किसानलाई पर्याप्त मल पुऱ्याउन नसके उत्पादन राम्रो नहुने र किसानमा निराशा बढ्ने समस्यालाई अन्त्य गर्न सरकारले समयमै रासायनिक मलको आपूर्ति वा भण्डारण गर्नु पर्ने किसानहरुको माग छ ।

अहिल किसानले आफ्नो खेतमा मल हाल्न भारतबाट साइकल वा मोटरसाइकलमा खरिद गरेर ल्याउँदा बाटामो रहेका प्रहरी पोष्टका प्रहरीहरुले अनावश्य दुःख दिने प्रतिबोरा रु ५०० देखि रु एक हजार माग्ने गरेको किसानहरुको गुनासो छ ।रासस

# यस कारण उद्धार उडान स्थगित

काठमाण्डु । विदेशमा अलपत्र नेपालीलाई स्वदेश फर्काउनका लागि तय भएको पूर्वनिर्धारित उद्धार उडान अनिश्चितकालका लागि स्थगित भएको छ । कोभिड-१९ सङ्कट व्यवस्थापन सञ्चालन केन्द्र (सीसीएमसी) ले विदेशबाट फर्कनेका लागि होटल क्वारेन्टिन व्यवस्था नभएको भन्दै उडान स्थगित गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्राचार गरेको हो ।

सोही पत्रको आधारमा पर्यटन मन्त्रालयले विदेशमा अलपत्र नेपाली फर्काउन तय गरेको चार्टर्ड उडान आजदेखि स्थगन गरेको छ । हालैको मन्त्रिपरिषद् बैठकले भदौ १ अर्थात अगष्ट १७ तारिखदेखि दैनिक ५०० नेपालीको उद्धार उडानमार्फत स्वदेश फर्काउने निर्णय गरेको थियो ।

उक्त निर्णयअनुरुप नेपालका दुई नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र हिमालय एयरलाइन्ससहित विभिन्न विदेशी एयरलाइन्सले उद्धार चार्टड उडान गरी नेपालीलाई फर्काउने तालिका बनाएका थिए । नेपाल एयरलाइन्सले अगष्ट १७ देखि ३१ र हिमालय एयरलाइन्सले अगष्ट १६ देखि ३० सम्मको उडान तालिका बनाएका थिए । विदेशमा अप्ठेयारो अवस्थामा रहेका नेपाली फर्काउन पाँचौं चरणको उद्धार उडानका लागि सीसीएमसीले ४३ वटा उडान अनुमति दिएको थियो ।

कोरोनाको सङ्क्रमण बढिरहेको र विभिन्न स्थानीय तहले निषेधित क्षेत्र घोषण गर्नेक्रम पनि बढिरहेकाले होटल क्वारेन्टिनको व्यवस्था नभएको ब्यहोरा जनाउदै सीसीएमसीले उद्धार उडान स्थगन गर्न मन्त्रालयलाई लिखित निर्देशन दिएको हो ।

सीसीएमसीले पर्यटन मन्त्रालयलाई पठाएको पत्रमा होटेल क्वारेन्टिन सुनिश्चत हुने गरी मात्र उडान स्वीकृति दिने तथा यसअघि जारी उडान अनुमति स्थगित गर्न भनिएको छ । उडान स्थगित भएपछि नेपाल एयरलाइन्सले सूचना निकालेर अगष्ट १८ तारिखदेखि उद्धार उडान अर्को सूचना जारी नभएसम्म हाललाई स्थगित गरिएको जनाएको छ । सीसीएमसीको विवरणमा भदौ १ गतेसम्म विभिन्न मुलुकबाट घर फर्किने नेपालीको सङ्ख्या ५१ हजार ७६१ रहेको छ ।रासस

# हुलाकी राजमार्गमा २० पुल समस्याग्रस्त



काठमाण्डु । राष्ट्रिय गौरवको आयोजना हुलाकी राजमार्गमा झण्डै २० वटा पुलको निर्माण कार्य विभिन्न समस्याका कारण अघि बढ्न सकेको छैन ।

सरकारले विसं २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य लिएको यो आयोजनामा समस्याग्रस्त पुलमध्ये कतिपय एक दशकभन्दा पहिले ठेक्का सम्झौता भएका पुलसमेत छन् ।

समस्याग्रस्त पुलमध्ये पनि पाँच वटा पुल सम्बन्धी मुद्दा अदालतमा विचाराधीन छन् । कतिपय पुल अहिले मध्यस्तता (आरबिटेसन) मा गएको आयोजना प्रमुख रोहितकुमार बिसुरालले बताउनुभयो । कतिपय पुलको अवधि सकिए पनि निर्माण अघि बढ्न सकेका छैन । सो आयोजना पहिले हुलाकी पुल योजनाका रुपमा रहेको थियो । सो योजनाले विसं २०६६/६७ मा ठेक्का सम्झौता गरेका पुलसमेत अझैसम्म निर्माण भएका छैनन् । उहाँले भन्नुभयो, “पछिल्लो समयमा ठेक्का सम्झौता भएका पुलभन्दा पुराना पुलमा बढी समस्या देखिएको छ ।”

त्यो समयमा भएका ठेक्का हतारमा भएकाले पनि समस्या भएको पाइएको प्रमुख बिसुरालले बताउनुभयो । सो आयोजनामा कतिपय स्थानमा सडक बनिसकेर पनि पुल नबन्दा सञ्चालनमा आउन नसकेको पाइन्छ । तराई मधेशमा कतिपय खोला सानो हुँदा सवारी साधन चल्ने वर्षामा नचल्ने खालका छन् । मुख्य नदी कमला, वाग्मती, नारायणी, राप्तीमा भने पुल सम्पन्न नहुँदा आवतजावतमा समस्या भएको आयोजनाले जनाएको छ ।

राजमार्गअन्तर्गत रौतहट र सर्लाही जिल्ला जोड्ने वाग्मती नदीमा पुल निर्माण शुरु भएको एक दशक बित्दा पनि अझै सम्पन्न भएको छैन । लुम्बिनी विल्डर प्रालिसँग विसं २०६७ मा पुल निर्माण सम्झौता भएको थियो । सो पुलमा कमसल सामग्रीको प्रयोग गरिएको भन्दै स्थानीयवासीले विरोध गरेका थिए । विसं २०७० पछि पुल निर्माण अघि बढेको छैन र निर्माण कम्पनी आरबिटेनमा गएको छ । सो पुलको विवादसम्बन्धी मुद्दा अहिले अदालतमा विचाराधीन रहेकाले निर्माण अवरुद्ध छ । गत महिना प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिमा यो पुलसँगै चार समस्याग्रस्त पुलसम्बन्धी छलफल भएको थियो ।

राजमार्गअन्तर्गत नै नारायणी नदीको पुल निर्माण पनि अहिले अलपत्र छ । पप्पु कन्स्ट्रक्सनले सात वर्ष पहिले पुल निर्माणको जिम्मेवारी लिए पनि निर्माण अघि बढाएको थिएन । निर्देशनालयले सार्वजनिक खरिद ऐनका आधारमा गत असारमा ठेक्का तोड्ने निर्णय गरेको थियो । पर्साको तिलावे पुलको निर्माण ठेक्का पनि पप्पु कन्स्ट्रक्सनले जेभीमै लिएको थियो । वारिपारिको सडक सञ्चालनमा आउँदा पनि पुल नबन्दा स्थानीयवासी खोला वारपार गर्न सकिरहेका छैनन् ।

आयोजनाअन्तर्गत ७० पुल निर्माणाधीन रहेको छ भने ७४ पुल डिजाइन स्वीकृतिका लागि सडक विभागमा पठाइएको छ । विभागमा पठाइएका पुलको डिजाइन स्वीकृत भएर आएपछि त्यसको ठेक्का प्रक्रिया अघि बढ्ने प्रमुख बिसुरालले जानकारी दिनुभयो । अहिलेसम्म ९३ पुल सम्पन्न भइसकेका छन् भने अध्ययन गर्न बाँकी पुल झण्डै २० रहेको बताइएको छ । उहाँले भन्नुभयो, “डिजाइन स्वीकृत भएपछि नै ठेक्का प्रक्रिया अघि बढाइनेछ ।”

सरकारले आगामी तीन वर्षमा सो आयोजना सम्पन्न गर्ने लक्ष्य लिएको छ । यहाँका कतिपय पुल डिजाइनमा जान नै बाँकी छन् भने कतिपय पुल लामो समयदेखि अवरुद्ध छन् ।रासस

# महामारीमाथि थपिएको प्राकृतिक विपत्ति

काठमाण्डु । भनिन्छ कुनै पनि समस्या बाजा बजाएर आउँदैन । मुलुकले यतिखेर त्यस्तै नसोचेको र पूर्वानुमान नगरिएको दोहोरो विपत्तिको सामना गरिरहेको छ । चीनको एक कुनामा देखिएको कोरोना भाइरसले नेपालमा आएर दुःख देला भन्ने हाम्रो कल्पनामै थिएन तर हामी अहिले त्यो महामारीको प्रत्यक्ष मारमा परेका छौं ।

यसपालि यो अकल्पनीय कोरोनाको कहरमात्र नभएर हामीलाई विनासकारी विपद्ले पनि दुःख दिएको छ । यो विपत्तिले मानिसको ज्यान लिएसँगै भौतिक र आर्थिक क्षति गराइरहेको छ । कोरोना सङ्क्रमण नियन्त्रण हुनुको साटो झन्भन्दा झन् बढ्दै गएको देखिएको छ । यसबीचमै मनसुनजन्य विपत्तिको अर्को चुनौतीले देशको जनजीवन र भूगोललाई नै थिलथिलो बनाइरहेको छ । हरेक दिनजसोको मनसुनी वर्षा पछिको पहिरो, बाढी र डुबान वस्तीवस्तीमा काल बनेर पसेको छ । त्यसैले पनि अहिले हामीलाई आपतमाथि झन् ठूलो विपत बर्सिरहेको भान भइरहेको छ ।

हरेक दिनजसो पहिरोमाथि पहिरोका दुर्घटना थपिएका छन् । पहिले पहिलेका मनसुनी वषामा हुनेभन्दा बढी नै यसपालि बाढी पहिरोले बस्ती नै सोहोरेका छन् । कोभिड-१९ बाट मृत्युको ग्राफ बढ्दै गर्दा यसपालीको मनसुनजन्य विपद्का कारण पनि मृत्युको ग्राफ विगत १० वर्ष कै उच्च बन्न पुग्यो ।

आइतबारसम्मको विवरणमा कोभिड-१९ का कारण मुलुकमा १०४ जनाको मृत्यु भएको छ भने २६ हजार ६६० जना सङ्क्रमित भएका छन् । मनसुन सक्रिय भएको दिन २०७७ जेठ ३१ पछि मनसुनजन्य विपदमा परेर पछिल्लो दुई महिनामा मात्रै २३१ जनाले ज्यान गुमाएका छन् । पहिरोबाट मात्रै २०६ ले ज्यान गुमाए । सँगसँगै आएको यी दुई महाविपत्ति नेपालको इतिहासकै एक अति कठिन समय बन्न पुगेको छ ।

वैशाखयता बाढी, पहिरो र चट्याङबाट मात्रै २६६ ले ज्यान गुमाए भने ७८ जना वेपत्ता छन् । राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमखु कार्यकारी अधिकृत अनिल पोखरेल मनसुनजन्य विपद्बाट पछिल्लो एक दशकमा यो वर्ष सबैभन्दा बढी मानवीय क्षति भएको बताउनुहुन्छ । दोहोरो विपत्ति परिरहेकाले यसबेला अझै सावधानी अपनाउनु जरुरी रहेको उहाँले बताउनुभयो । त्यसरी सावधानी अपनाउन भने सकिएको छैन ।

कोभिड-१९ को सङ्क्रमण जोखिमकाबीच साउन ३० गते सखारै सिन्धुपाल्चोकको जुगल गाउँपालिका-२ लिदी गाउँमा माथिबाट एक्कासी पहिरो खस्यो । पहिरोले पुर्ने डरले रातभर बारीको पाटामा त्रिपाल ओढेर ज्यान जोगाउँदै आएका स्थानीयले विहान ऐया पनि भन्न पाएनन् । माथिबाट बारीको पाटोलाई समेत सोहारेर ल्याएको पहिरोले घरसहित एकै चिहान बनायो ।



*कोभिड-१९ सङ्क्रमणबाट जुधिरहेको मुलुकमा यसपटकको प्राकृतिक विपत्तिले ठुलै जनधनको क्षति गरायो । त्यसको प्रतिनिधि घटना हो लिदी पहिरो । यसअघि असार २५ मा पनि सिन्धुपाल्चोककै जम्बुबजार र भोटेकोरीमा आएको बाढी पहिरोमा परेर केहीको मृत्यु भएको थियो भने २० जना वेपत्ता भएका थिए । सबैभन्दा बढी, सिन्धुपाल्चोक, म्याग्दी, जाजरकोट, कास्की, बझाङ, पर्वत, पाल्पा, लमजुङ, गुल्मी, दार्चुलालगायत जिल्लामा ठुलो जनधनको क्षति हुनेगरी पहिरो खसेको छ । यस्ता विपद् यसपाली ६० भन्दा बढी जिल्लामा निम्तियो । कोरोना फैलनबाट रोक्न खटिँदै आएका नेपाल प्रहरी, ससस्त्र प्रहरी र नेपाली सेना तत्काल प्राकृतिक विपद्को उद्धारमा खटिए ।*

सदाझैं आजको रात त बाँचियो भनेर विहान अन्दाजी साढे ६ बजे त्रिपालबाट उनीहरु घर फर्किए । दिनभर घरखेतको काम भ्याएर केही निमेष आफन्त र छरछिमेकसँग रम्ने योजना त्यतिखेर तुहियो, जब माथिको डाँडाबाट पहिरो खस्यो । १३ घरका ३९ जना एकै निमेषमै पुरिए । कोही घरभित्रै अनि कोही भाग्दाभाग्दै माटोमा बिलाए । सोमबारसम्म प्राप्त विवरणमा २२ को शव फेला परे पनि अन्य पहिरोमै पुरिएका छन् । कतिपय घरका सपरिवारका लागि यही पहिरो काल बन्यो ।

जोखिम क्षेत्र भएको भन्दै स्थानान्तरणका लागि गरिएको उनीहरुको हारगुहार कान्लामुनि नै हरायो र अहिले यो नियती भोग्नुपऱ्यो । उक्त वडाका सदस्य तथा स्थानियबासी विष्णुबहादुर दोङ भन्नुहुन्छ, “असार २६ को भीषण वषाले जमिन चलायमान बनाएको थियो, बस्ती जोखिममा परेपछि व्यवस्थापन गर्न गरिएको मागको सरकारबाट सुनुवाई भएको भए यो गति हुने थिएन ।” उहाँका अनुसार अझै धेरै स्थानका झण्डै ५०० घरधुरी यस्तै जोखिममा रहेका छन् । कोभिड-१९ सङ्क्रमणबाट जुधिरहेको मुलुकमा यसपटकको प्राकृतिक विपत्तिले ठुलै जनधनको क्षति गरायो । त्यसको प्रतिनिधि घटना हो लिदी पहिरो । यसअघि असार २५ मा पनि सिन्धुपाल्चोककै जम्बुबजार र भोटेकोरीमा आएको बाढी पहिरोमा परेर केहीको मृत्यु भएको थियो भने २० जना वेपत्ता भएका थिए ।

सबैभन्दा बढी, सिन्धुपाल्चोक, म्याग्दी, जाजरकोट, कास्की, बझाङ, पर्वत, पाल्पा, लमजुङ, गुल्मी, दार्चुलालगायत जिल्लामा ठुलो जनधनको क्षति हुनेगरी पहिरो खसेको छ । यस्ता विपद् यसपाली ६० भन्दा बढी जिल्लामा निम्तियो । कोरोना फैलनबाट रोक्न खटिँदै आएका नेपाल प्रहरी, ससस्त्र प्रहरी र नेपाली सेना तत्काल प्राकृतिक विपद्को उद्धारमा खटिए । पहिरोले पुरिएकाको खोजी र उद्धार भइरहेकै बेला सङ्घ, प्रदेश र स्थानीय सरकार कोभिड-१९ बाट नागरिकलाई जोगाउन सङ्घर्षरत छन् । लिदीमा गएको पहिरोमा पुरिएकाको उद्धार हुँदै गर्दा त्यसदिन अपराह्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतम सङ्क्रमणबारे यसरी प्रत्यक्ष प्रशारणमा गर्दै हुनुहुन्थ्यो, “पछिल्लो चौबीस घण्टामा मुलुकमा ५९४ जना कोभिड १९ का नयाँ सङ्क्रमित भेटिए, यो सँगै अहिलेसम्म २५ हजार ५५१ जना पुगे । त्यसमध्ये १७ हजार ७७ उपचार पछि घर फर्किएका छन् । एकै दिनमा चार जनाको मृत्यु भएको र हालसम्म मृत्यु हुने ९९ पुगेका छन् ।” आइतबारसम्म मुलुकमा २६ हजार ६६० जना सङ्क्रमित भएका छन् । त्यसमध्य १०४ जनाको मृत्यु भएको छ ।

अहिले सङ्क्रमण रोक्न स्थानीय तह र प्रशासनबाट कतै सिल त कतै निषेधाज्ञा, कतै बन्दाबन्दी घोषणा गरिएका छन् । उच्च सावधानी अपनाइएको छ प्राप्त जानकारीमा सबैभन्दा बढी सङ्क्रमण काठमाण्डु उपत्यकामा देखिन थालिसकेको छ । काठमाण्डु, पर्सा, रौतहट, महोत्तरी, सर्लाही, मोरङ्गलगायत जिल्ला महामारी कै रुपमा फैलिँदै छ ।

यही साउन २२ देखि २९ गतेसम्मको आठ दिनमा मात्रै कोभिड-१९ सङक्रमित ३५ को मृत्यु भएको छ । विश्वको तुलनामा समग्रमा नेपालको मृत्युदर न्यून (शुन्य दशमलव ४ प्रतिशत) छ, तर पछिल्लो ग्राफले त्यसलाई उच्च बनाउने अनुमान गर्न सकिन्छ । मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतम मृत्युको ग्राफ बढ्दै गएको स्वीकार गर्नुहुन्छ । अहिलेसम्म १०४ को मृत्यु हुँदा साउन अन्तिम साताको ८ दिनमा मात्रै ३५ को मृत्यु हुनु सामान्य होइन । कोभिड-१९ बाट एकै दिन आठ जनासम्मको मृत्यु भएको छ ।

साउन २२ देखि २८ सम्म मुलुकमा तीन हजार २० र काठमाण्डु उपत्यकामा मात्रै ६६६ नयाँ सङ्क्रमित भेटिनुले क्रमशः कोभिड-१९ को जोखिम उच्च वृद्धि भइरहेको देखाउँछ । अग्रभागमा खटिने चिकित्सक, सुरक्षाकर्मी र पत्रकार नै सङक्रमित भएका छन् । चिकित्सकहरु सङ्क्रमण बढ्नुमा मानिसको लापरवाहीलाई एउटा कारक मान्छन् । साथसाथै सरकारले खोज अनुसन्धान र उपचार पद्दतीमा पनि सुधार गर्नुपर्ने आवश्यकता जनस्वास्थ्यविद्हरुले औंल्याउँदै आएका छन् ।

विश्वमा अहिलेसम्म औषधि पत्ता नलागेकाले कोभिड-१९ को महामारी कायमै छ । विश्वको अर्थतन्त्र पुरानै अबस्थामा फर्कन सकेको छैन । जबसम्म औषधि पत्ता लाग्दैन तबसम्म महामारीको स्वरुपमा परिवर्तन आउने सङ्केत मिलेको देखिँदैन । त्यसबाट नेपाल पनि अछुतो छैन ।

चीनमा गत डिसेन्बर ३१ मा कोभिड-१९ देखिएको थियो । उद्गमस्थल चीनको उहानबाट आएका एक नेपालीमा विसं २०७६ माघ ९ गते पहिलो केस देखिएको थियो । चैतको १० र १२ गते दोस्रो र तेस्रो सङ्क्रमण देखियो । उनीहरु पनि तेस्रो मुलुकबार आएका व्यक्ति थिए । माघपछि केही महिना नेपालमा सङ्क्रमण नगन्य हुँदा नेपालको वातावरण र खानपान प्रवृत्तिले खुबै प्रशंसा पायो । यद्यपि त्यो गलत रहेछ भन्ने कुरा विसं २०७७ को शुरु महिना वैशाखले प्रष्ट्यायो । वैशाखको अन्तिम साताबाट नेपालका सङ्क्रमण तीन अङ्कले बढ्न थालेको थियो । त्यो क्रम आजको मितिसम्म जारी छ ।

चीनबाट यूरोप, अमेरिका हुँदै भारतमा महामारीको रुप लिँदै कोभिड-१९ नेपाल भित्रिएको हो । भारतमा महामारी फैलिँदा नेपालमा न्यून थियो । जब भारतमा भएका नेपाली घर फर्कन थाले उनीहरुसँगै सङ्क्रमण पनि भित्रियो ।रासस

# ४१ अर्बभन्दा बढी राजस्व सङ्कलन

विराटनगर । मोरङमा आर्थिक वर्ष २०७६/७७ मा कूल रु ४१ अर्ब तीन करोड ७६ लाख राजस्व सङ्कलन भएको कोष तथा लेखा नियन्त्रक कार्यालय विराटनगरले जनाएको छ ।

यो राजस्व आव २०७५/७६ को भन्दा रु छ अर्ब २० करोड ५८ लाखले कम हो भने आर्थिक वर्ष २०७४/७५ को भन्दा रु ६३ करोड ३६ लाखले बढी हो । आव २०७५/७६ मा कूल रु ४७ अर्व २४ करो ३४ लाख र आव २०७४/७५ मा रु ४० अर्ब ४० करोड ४० लाख राजस्व सङ्कलन भएको थियो ।

गएको आवमा चैत महिनाको ११ गतेदेखि शुरु भएको बन्दाबन्दीले आर्थिक क्रियाकलाप ठप्प हुनु, निर्माणको कार्य रोकिनु, बजार बन्द रहनुले पनि राजस्व कम उठेको प्रमुख पर्शुराम नेपालले जानकारी दिनुभयो । उहाँले गएको वर्षमा पूँजीगत बजेट रु तीन अर्ब ९४ करोड ५६ लाखमा रु तीन अर्ब १३ करोड ८७ लाख अर्थात् ७९ दशमलव पाँच प्रतिशत खर्च भएको जानकारी दिनुभयो । सोही वर्ष चालूतर्फ रु ३१ अर्ब ८० करोड १५ लाख बजेटमध्ये रु ३१ अर्ब १३ करोड २२ लाख खर्च भएको बताइएको छ ।

आवमा २०७५/७६ मा कूल रु ३० अर्ब ८४ करोड ७५ लाख वार्षिक बजेटमा रु २९ अर्ब ४४ करोड २१ लाख निकासा भएको थियो । पूँजीगततर्फ रु चार अर्ब ७५ करोड ३० लाख वार्षिक बजेटमा रु तीन अर्ब ५७ करोड ७८ लाख निकासा भएर ७५ प्रतिशत प्रगति हासिल गरेको थियो भने सोही अवधिमा चालू र पूँजीगत गरी कूल रु ३५ अर्ब ६० करोड पाँच लाखमा रु ३३ अर्ब एक करोड ९९ लाख निकासा भई ९३ प्रतिशत प्रगति हासिल भएको थियो ।रासस


# Invitation for Electronic Bids

## State Government

## Office of the Chief Minister and Council of Ministers

## Province no.2, Janakpurdham

**Date of publication: 19 August 2020**

1. The State Government, Province no.2, Office of the Chief Minister and Council Of Ministers,Janakpurdham invites electronic bids under e-procurement system from eligible bidders for the following construction works;

| S.N | Contract ID No. | Description of Works | Bid security amount (NRs) | Price of bid document(NRs) (Non refundable) |
|---|---|---|---|---|
| 1 | OCMCMS2/NCB/WORKS/077/078-01, Revitalization and Land development works of Laxmi Sagar Pond,Banauli,Mahottari | Protection, beautification & conservation of historical pond | 36,50,000.00 | 10000.00 |
| 2 | OCMCMS2/NCB/WORKS/2077/78-02, Protection, renovation and beautification works in Rouja Majar Sharif, Mahottari | Protection, renovation & beautification of Religious& historical places | 33,90,000.00 | 10000.00 |
| 3 | OCMCMS2/NCB/WORKS/2077/78-03, Revitalization and Beautification works of Subbaji Pond, Janakpurdham-17, Kanakpatti, Dhanusha | Protection, beautification & conservation of historical pond | 18,40,000.00 | 5000.00 |
| 4 | OCMCMS2/NCB/WORKS/2077/78-04, Beautification of Madhwa Pond, Manara shiswa-10, Mahottari | Protection, beautification & conservation of historical pond | 10,25,000.00 | 5000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO e-GP system www.bolpatra.gov.np/egp.

# २४ घण्टामा पर्सामा १ सय ५३ संक्रमित थप

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सामा एकै दिन १ सय ५३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । वीरगंजस्थित नारायणी अस्पतालको प्रयोगशाला र काठमाण्डुको टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा सोमबार राति गरिएको परीक्षणमा पर्साका १ सय ५३ जनामा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय पर्साका स्वास्थ्य निरीक्षक जयमोद ठाकुरले बताए ।




ठाकुरका अनुसार टेकुस्थित प्रयोगशालामा गरिएको परीक्षणमा नारायणी बयोधा अस्पताल वीरगंजका मात्रै ३० जनामा संक्रमित भेटिएको हो।

जसमा बयोधा अस्पतालका ६ जना डाक्टर, ११ जना नर्स , १२ जना कर्मचारी र २ जना बिरामी गरि ३० जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य निरीक्षक ठाकुरले जनाए ।

यस्तै टेकुकै प्रयोगशालामा सोमबारराति गरिएको परीक्षणमा पर्साका अन्य ६८ जनामा संक्रमण पुष्टि भएको हो ।

वीरगंज ११ श्रीपुर विद्यापिठ माविका ५७ जना र त्रिजुद्ध माविमा स्वाब संकलन गरिएको मध्ये ११ जना गरि ६८ जनामा संक्रमण पुष्टि भएको हो ।

यसैगरि वीरगंजस्थित नारायणी अस्पतालको प्रयोगशालामा सोमबारराति गरिएको परीक्षणमा पनि ५५ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य निरीक्षक ठाकुरले बताए ।

संक्रमण पुष्टि भएका ५५ जना मध्ये सबैभन्दा बढि पर्साको बहुदरमाइ नगरपालिकाका २५ जना रहेका छन् ।

यस्तै जिल्ला प्रहरी कार्यालय पर्साका ५ र वडा प्रहरी कार्यालय विर्ताका २ गरी ७ जना प्रहरीमा पनि कोरोना संक्रमण पुष्टि भएको छ ।

वीरगंज महानगरपालिका वडा नम्बर १० मूर्ती चोकका ८ जना, वीरगंजको छपकैयाका ६ जना , वीरगंज ४ विर्ताका ३ जना , नेशनल मेडिकल कलेजका २ जना , वीरगंज ८ , ११ , १४ र १६ का १/१ जनामा पनि संक्रमण पुष्टि भएको छ ।

नारायणी अस्पतालको प्रयोगशालामा सोमबारराति गरिएको परीक्षणमा बाराका ११ जनामा संक्रमण पुष्टि भएको छ ।

बाराको परसौनी गाउँपालिका वडा नम्बर २ का ५ जना, सिम्रौनगढ नगरपालिकाका वडा नम्बर ७ का १ जना , कलैया उपमहानगरपालिका वडा नम्बर ६ का २ जना र पिलुवामा ३ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य निरीक्षक ठाकुरले बताए ।

# असहयोग गर्ने स्वास्थ्य संस्थाविरुद्ध प्रदेश सरकार कठोर

**टुडे समाचारदाता**

जनकपुरधाम । कोरोना महामारी नियन्त्रणमा असहयोग गर्ने निजी स्वास्थ्य संस्था एव मेडिकल कलेजहरु विरुद्ध प्रदेश सरकार अदालत जाने तयारी थालेको छ ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा मंगलबार सम्पन्न प्रदेश संकट व्यवस्थापन केन्द्र (पिसिएमसी)को बैठकले कोरोना महामारी नियन्त्रणमा असहयोग गर्ने प्रदेशस्थित मेडिकल कलेजसहित निजी स्वास्थ्य संस्था विरुद्ध अदालत जाने तयारी थालेको हो ।



बैठकले समाजिक विकास मन्त्रीको संयोजकत्वमा सुरक्षा निकायका प्रमुखहरु समेत रहने गरि समन्वय समिति गठन गरेको छ । समितिले मेडिकल कलेज सहितका निजी स्वास्थ्य संस्थाहरु संग कोरोना व्यवस्थापनको विषयमा पहिलो चरणमा छलफल गर्ने र मेडिकल कलेज तथा निजी अस्पतालहरुलाई संघीय सरकाले तोकेको दररेट उपलब्ध गराई कोभिड उपचारका लागि प्रयोग गर्ने निर्णय गरेको छ ।

त्यसपछि पनि मेडिकल कलेज तथा निजी अस्पतालहरुले कोभिड उपचारमा सहयोग नगरे कारवाही तथा दर्ता खारेजको लागि संघीय सरकारलाई पत्राचार गर्ने भएको छ । कानून वमोजिम कारवाहीका लागि मुद्दा प्रक्रिया समेत अगाडी बढाउने निर्णय गरेको छ । बैठकले प्रदेशमा समुदाय स्तरमै फैलिएको कोरोना महामारी नियन्त्रणमा रहेका अप्ठ्यारा एवं सरकारले गर्नु पर्ने कार्यहरु बारे जिल्ला स्तरबाटै जानकारी लिन प्रदेशको ४ स्थानमा २/२ जिल्ला समेटिने गरि बैठक गर्ने निर्णय गरेको छ । साथै प्रदेश सरकार र पिसिएमसीले विगतमा गरेको निर्णयहरु अविलम्ब कार्यान्वयन गर्न सरोकारबालालाई निर्देशन समेत दिएको छ ।

बैठकमा मुख्यमन्त्री लालबाबु राउतले कोरोनाको अति दुखदायी तथा असहज परिस्थितिमा सबै नागरिकलाई बचाउने पहिलो जिम्मेवारी भएको हुनाले प्रदेश सरकार कठोर भन्दा कठोर कदम चाल्न बाध्य रहेको बताए ।

यस विषम परिस्थितिमा सबै पक्षलाई आ-आफनो स्तरबाट सहयोग गर्न उनले सबैमा अपील समेत गरेका छन । यसअघि नै निर्णय भएको वीरगन्ज, जनकपुरधाम र राजविराजमा थप पिसिआर मेसिन जडान एवं गौरमा नयाँ ल्याब संचालन कार्य अविलम्ब पुरा गर्नुका साथै महोत्तरीको जलेश्वरमा समेत नयाँ पिसिआर ल्याब संचालन गर्ने निर्णय मंगलवारको बैठकले गरेको छ ।

बैठकले कोरोना महामारी नियन्त्रणमा देखिएको जनशक्ति अभावलाई अविलम्ब करार सेवा मार्फत परिपूर्ति गर्न समेत समाजिक विकास मन्त्रालयलाई निर्देशन दिएको छ । यसका साथै बैठकले कोरोना महामारी नियन्त्रणमा उत्कृष्ट भूमिका निर्वाह गर्ने चिकित्सक, स्वाथ्यकर्मी एवं सुरक्षाकर्मीलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने निर्णय समेत गरेको छ ।

# २० किलोग्राम चरेस बरामद

**टुडे समाचारदाता**

बीरगञ्ज । सशस्त्र प्रहरी बल बोर्डर आउटपोष्ट भिखमपुर



पर्साले २० किलो लागू औषध चरेस बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल बोर्डर आउटपोष्ट भिखमपुरको सशस्त्र प्रहरी निरीक्षक किशमान तामाङको नेतृत्वमा रहेको टोलीले २० केजी लागु औषध चरेस बरामद गरेको हो ।

पर्साको सिमावर्ती जगरनाथपुर गाउँपालिका वडा न.२ दसवताबाट सोमबार राती यति ठुलो मात्रामा लागु औषध चरेस बरामद गरेको तामाङ्ले बताए ।

नेपालको मुडली टिनडोबियाबाट लागूऔषध चरेस लिएर भारततर्फ गइरहेको अवस्थामा गुप्त सुचनाको आधारमा सशस्त्र प्रहरीले ३८ पोकामा रहेको २० केजी लागुऔषध चरेस दसौता गाउँ नजिकबाट बरामद गरेको हो ।


चरेस तस्करहरुले प्रहरीलाई देख्नासाथ चरेसको पोका फालेर भागेका थिए ।

बराम्मद भएको चरेस ईलाका प्रहरी कार्यालय पोखरियामा बुझाईएको प्रहरी निरीक्षक चन्द्र कुमार सिंहले जनाए ।

# प्रदेश २ मा ३ हजार ७ सय १० जना सकृय कोरोना संक्रमित

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ मा कोरोना संक्रमणको संख्या दैनिक रुपमा बढ्दै गएको छ । पछिल्लो २४ घण्टामा मात्रै ३ सय २४ जना नयाँ संक्रमित देखापरेका छन् । प्रदेशमा एकै समयमा यत्रो कोरोना संक्रमित देखिएको यो पहिलो पटक हो ।



प्रदेशको सामाजिक विकास मन्त्रालयका अनुसार संक्रमित देखिनेमा ८५ जना महिला पनि छन् । सबैभन्दा बढी पर्सा जिल्लामा १ सय २४ जनामा संक्रमण पुष्टि भएको छ । बारामा ५९ जना, धनुषामा ५४ जना, रौतहटमा ४४ जना, सप्तरीका १४ जना, सिरहा तथा महोत्तरीका १३/१३ जना र सर्लाहीका ३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

योसँगै प्रदेशमा कुल संक्रमितको संख्या ७ हजार ५ सय पुगेको छ ।

पछिल्लो २४ घण्टामा ४८ जना कोरोना संक्रमित निको भएका छन् । सप्तरीका २ जना, सिरहाका ४ जना, धनुषाका १२ जना, महोत्तरीका १७ जना र पर्साका १३ जना कोरोना संक्रमित निको भई घर फर्केका छन् ।

प्रदेशमा सकृय संक्रमितकै संख्या ३ हजार ७ सय १० छन् । जम्मा संक्रमित ७ हजार ५ सय छन् भने ३ हजार ७ सय ९० जना निको हुँदा सकृय संक्रमित ३ हजार ७ सय १० देखिएका छन् ।

मंगलबारसम्म प्रदेशमा ४७ जना कोरोना संक्रमितको मृत्यु भएको छ । सबैभन्दा बढी पर्सा जिल्लामा २१ जना, धनुषामा ९ जना, बारामा ६ जना, सप्तरी र रौतहटमा ३/३ जना, सिरहहा र मोत्तरीमा २/२ जना र सर्लाहीमा १ जनाको मृत्यु भइसकेको मन्त्रालयले जनाएको छ ।

# सप्तरीमा भदौ १५ गतेसम्म निषेधाज्ञा

राजविराज । कोरोना संक्रमणको विस्तार रोक्न तथा सचेतनामूलक र प्रबन्धनात्मक कार्य गर्न सप्तरीमा जारी निषेधाज्ञाको अवधि १५ दिन थपिएको छ । जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र सप्तरीको मंगलबार बसेको बैठकले भदौ १५ गतेसम्म निषेधाज्ञाको अवधि थप गर्ने निर्णय गरेको जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकीय अधिकृत आनन्दकुमार ठाकुरले बताए ।



सप्तरी जिल्लाभरि गत साउन २० गतेदेखि जारी गरिएको निषेधाज्ञा मंगलबार मध्य राति सकिन लागेका बेला बैठकले पुनः थप गर्ने निर्णय गरेको बैठकमा सहभागी नागरिक समाजका अध्यक्ष थानसिंह भन्सालीले बताए ।

प्रमुख जिल्ला अधिकारी शङ्करहरि आचार्यको अध्यक्षतामा राजनीतिक दल, नागरिक समाजसहित मंगलबार बसेको बैठकले निषेधाज्ञालाई निरन्तरता दिँदै अवधि थप गर्ने निर्णय गरेको हो । प्रजिअ आचार्यले जिल्लामा सक्रिय संक्रमितको संख्या दुई सय नाघेको र विभिन्न स्थानमा संक्रमित बढिरहेकाले निषेधाज्ञालाई निरन्तरता दिनुपरेको बताए ।

प्रजिअ आचार्यद्वारा जारी प्रेस विज्ञप्तिमा स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ (३) र संक्रामक रोग ऐन २०२० को दफा २ बमोजिम राजविराज नगरपालिकासहित सप्तरी जिल्लाभरि अनावश्यक हिँडडुल र आवतजावत नगर्न, नगराउन जिल्ला सुरक्षा समितिले निषेधाज्ञाको निर्णय गरेको जनाइएको छ । अत्यावश्यक कामसमेत तोकिएबमोजिमको स्वास्थ्य सुरक्षा सतर्कताको मापदण्डको पूर्ण पालना गरी गर्न, गराउन निषेधाज्ञा जारी गरिएको बताउँदै प्रजिअ आचार्यले चाडपर्वसमेत घरपरिवारका बीच घरभित्रै मनाउन आग्रह गरे ।

हनुहमाननगर कंकालिनी नगरपालिकामा मंगलबार एकै परिवारका आठसहित ११ जना संक्रमित देखिएपछि जिल्लामा संक्रमित ६८३ पुगेको स्वास्थ्य कार्यालयले विज्ञप्ति जारी गरी जनाएको छ ।

स्वास्थ्य कार्यालयका अनुसार मंगलबारसम्म सप्तरीमा ९७ महिला र ५८६ पुरुष गरी कुल ६८३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । संक्रमितमध्ये तीन जनाको मृत्यु भएको छ । बाँकी संक्रमितमध्ये ४८ महिला र ४१२ पुरुष गरी कुल ४६० जना निको भएर घर फर्किएको गजेन्द्रनारायण सिंह अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा रणजितकुमार झाले बताए ।रासस

# सर्लाहीमा संक्रमितको संख्या ९ सय ८२ पुग्यो

**अजमल मिकरानी**

मलगंवा । सर्लाहीमा मंगलबार १०१ जना कोरोना भाइरस संक्रमित थपिएको छ । जिल्लाको हरिपुर नगरपालिका तथा कौडेना र विष्णु गाउँपालिकामा गरि १०१ जनामा कोरोना भाईरसको संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सर्लाहीले जनाएको छ ।

मंगलवार आएको रिपोर्ट अनुसार हरिपुर नगरपालिकामा ३१ जना, कौडेना गाउँपालिकामा ५८ जना र विष्णुगाउँपालिकामा १२ जना ब्यक्तिमा कोरोना पोजेटिभ देखिएको जिल्ला स्वास्थ्य कार्यालय सर्लाहीले जनाएको छ । कार्यालयले दिएको जानकारी अनुसार हरिपुर न.पा मा जोखिम भत्ताको माग गरेर धर्नामा बसिरहेका ३ जना स्वास्थ्यकर्मीहरुमा कौडेना गापाका वडाध्यक्ष र विष्णु गापामा ५ जना स्वास्थ्यकर्मीहरुमा पनि कोरोना संक्रमण देखिएको छ । जिल्ला स्वास्थ्य कार्यालय मंलगवाका अनुसार परिक्षणको लागि थ्रोट स्वाब संकलन गरि पठाएका विभिन्न पालिकाहरुको रिपोर्ट आउने क्रम जारी रहेको छ । सर्लाहीको तीन नगरपालिकाको ८ जनामा कोरोना भाइरस पुष्टि भएको छ । पुष्टि भएकाहरु सदरमुकाम मलंगवा, बरहथवा र लालबन्दी नगरपालिकाको रहेको जिल्ला प्रशासन कार्यालय सर्लाहीले जनाएको छ।

एक साता अघि लालबन्दीबाट हेटौंडास्थित ल्याबमा पठाइएको १२३ जनाको थ्रोट स्वाबको परीक्षणमा २ जनाको पोजेटिभ रिपोर्ट आएको छ । संक्रमितहरु लालबन्दी नगरपालिकामा कार्यालय सहयोगीको रुपमा कार्यरत वडा न. १० का ४४ वर्षीय पुरुष र वडा न. ७ की ४० वर्षीया महिला रहेको जिप्रका सर्लाहीले जनाएको छ । संक्रमित दुबैजनालाई नवलपुरस्थित कृषि सामग्री कम्पनि लिमिटेडको आइसोलेसनमा राखिएको छ । थपिएका दुई जना नयाँ संक्रमितसँगै लालबन्दीमा कोरोना संक्रमितको संख्या २१ पुगेको छ।

यस्तै जिल्ला स्वास्थ्य कार्यालय मलंगवाका अनुसार सोमबार सदरमुकाम मलंगवामा एक जना नयाँ संक्रमित थपिएका छन् ।

त्यस्तै बरहथवा नगरपालिकाका थप पाँच जनामा कोरोना भाईरस पोजेटिभ देखिएको छ । यो सँगै बरहथवामा पछिल्लो पटक संकलन गरेर पठाईएको ३०८ जनाको स्वाब मध्ये ५२ जना संक्रमित फेला परिसकेका छन् । उक्त स्वाब मध्ये ६५ जनाको अझै परीक्षण गर्न बाँकी रहेको बरहथवा नगरपालिकाका स्वास्थ्य शाखाका सिनियर अहेब विरेन्द्र साहले जानकारी दिए । साहका अनुसार सोमबार ११ जनाको पोजेटिभ रिपोर्ट आएपछि ६ जना भने यसअघिकै संक्रमितहरुको पुनः पोजेटिभ आएको हो । सोमबार थपिएका सबैं संक्रमितहरु बरहथवा नगरपालिका-१७, श्रीपुर गाउँका रहेको साहले जानकारी दिए ।

जिल्ला स्वास्थ्य कार्यालयका कोरोना भाईरस संक्रमण हेर्ने फोकल पर्सन सुशिल झाले प्रदेशबाट सर्लाहीको बरहथवामा ११ जना, लालबन्दीमा ३ जना, हरिपुरमा एकजना, मलंगवामा एक जना तथा ठाउँ नखुलेको दुईजना संक्रमित भनेर खबर आएको र अब ठाउँ खुलाउन र आएको सबै नयाँ हो की पूरानो संक्रमितको पनि फेरि पोजेटिभ आएको हो भन्ने पत्ता लगाउने कार्य भईरहेको जानकारी दिए ।

पहिला सबै ल्याबहरुबाट सिधै आफूहरुलाई पनि मेल आउने गरेकामा पछिल्लो समय भने सम्बन्धित पालिकाका स्वास्थ्य शाखालाई मात्र मेल आउने गरेकाले एक-एक स्थानीय तहलाई सोधेर तथ्यांक लिनुपर्दा आधिकारिक संख्या र विवरण जानकारी दिन ढिलाई हुने गरेको झाले बताए ।

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।**
**घटनासंग असम्बन्धित व्यक्ति/संस्थाको नाम उल्लेख नगरौं ।।**

- पत्रकार तथा सञ्चारमाध्यमले कुनै घटनासंग सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग असम्बन्धित नातेदार वा नजिकका व्यक्तिको नाम जोडी मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी कुनै पनि सामग्री प्रस्तुत गर्नु हुँदैन ।
- यौन अपराध, सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा सन्दर्भमा प्रभावितको सचेत स्वीकृति र प्रभावको मुल्याङ्कन बिना नाम, ठेगाना र पहिचान खुल्ने गरी समाचार, तस्विर र दृश्य उत्पादन, वितरण वा प्रकाशन/प्रसारण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**जनकपुर टुडे मिडिया ग्रुपको अपिल**

सकेसम्म छुट्टै कोठामा बस्ने, कम्तीमा दुई मिटरको दूरी कायम गर्ने,
उपचारका लागिबाहेक अन्य समयमा घरबाट बाहिर ननिस्कने,
स्वास्थ्य संस्थामा जानु परे सार्वजनिक यातायात प्रयोग नगर्ने,
आफूले खाना खाने भाडा, मञ्जन, ब्रस, काइयो, लुगा, रूमाल, तौलिया, तन्दा अरूसंग नसाट्ने, प्रयोग गरिसकेपछि सामान आफै धुने वा माझ्ने,
साबुन पानीले मिचिमिची २० सेकेन्ड हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने,
खोक्दा वा हाछ्यु गर्दा कुइनो, पेपर वा टिस्युले मुख छोप्ने,
प्रयोग गरेको टिस्यु, रूमाल वा मास्क फोहोर ठाउमा फाल्ने र त्यस लगत्तै हात धुने,
प्रयोग गरेको तन्दालाई साबुन पानीले धुने र राम्ररी घाममा सुकाएर मात्र प्रयोग गर्ने,
छुट्टै शौचालयको प्रयोग गर्ने,
जथाभावी नथुक्ने,
मन्त्रालयको निर्देशन पूर्ण रूपमा पालना गर्ने, र
हरेक दिन शरीरको तापक्रम ताप्ने र मिति अनुसार टिपेर राख्ने

जनहितमा जारी संदेश

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com